# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ११९ | काठमाडौं | बुधबार, ०४ भदौ २०८२ | Prabhrab National Daily | Wednesday, 20 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**मानव बेचबिखन अपराध हो**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## डिम्ब निष्काशन र भण्डारणमा रोक लगाउन आदेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले महिला तथा बालबालिकाबाट डिम्ब निष्काशन र भण्डारण गर्ने काम रोक लगाउन सरकारका नाममा अन्तरिम आदेश गरेको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले मंगलबार डिम्ब निष्काशन र भण्डारण गर्ने काम रोक लगानी नियमन र निगरानी बढाउनसमेत सरकारका नाममा अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'नेपाल राज्यभर महिला तथा बालबालिकाबाट डिम्ब निष्काशन तथा भण्डारण गर्ने कार्यमा रोक लगाइ सरकारको नियमन र निगरानी प्रभावकारी बनाउनू ।'

अदालतले रिट निवेदनको विषयवस्तु अत्यन्त गम्भीर संवेदनशील र चाँडो किनारा लगाउनुपर्ने प्रकृतिको देखिँदा विपक्षीहरूको लिखित जवाफ परे वा पर्ने अवधि व्यतीत भएको सात दिनभित्र कुनै पनि पक्षले पेसी हटाउन नपाउनेगरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई पेसी चढाइ अन्तिम सुनुवाइका लागि पेस गर्ने भनेको छ ।

क्रमशः पृष्ठ २ मा

## हिन्दूकुश सांसद सम्मेलनको पाँचबुँदे आह्वान

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आयोजनामा नेपालमा पहिलोपटक भएको हिन्दूकुश हिमालय क्षेत्रका मुलुकका सांसदको सम्मेलन पाँचबुँदे आह्वान जारी गर्दै सम्पन्न भएको छ ।

'प्रकृतिको संरक्षण, जनताको सशक्तीकरण' भन्ने मूल नाराका साथ सोमबारदेखि सुरु दुईदिने सम्मेलन मंगलबार सम्पन्न भएको हो । यस क्षेत्रका मुलुकका सांसद तथा प्रतिनिधिहरूले काठमाडौंमा सम्पन्न 'हिन्दूकुश हिमालय सांसद सम्मेलन २०२५' बाट क्षेत्रीय सहकार्यद्वारा जलवायु परिवर्तन, वायु प्रदूषण र जैविक विविधता संरक्षणका क्षेत्रमा तत्काल कार्यान्वयन गर्न आह्वान गरेका छन् । समापन कार्यक्रममा आयोजक समितिका संयोजक तथा समिति सदस्य वीरबहादुर बलायरले बैठकको निष्कर्षबारे जानकारी गराएका थिए ।

सम्मेलनले साझा पारिस्थितिक, सामाजिक तथा आर्थिक महत्त्व बोकेको हिन्दूकुश हिमालय क्षेत्रमा बढ्दो जलवायु संकट, प्रदूषण र जैविक विविधताको क्षति समुदाय तथा पारिस्थितिकीय प्रणालीका लागि गम्भीर चुनौती भएको निष्कर्ष निकालेको छ ।

क्रमशः पृष्ठ २ मा

# उपसभामुख मगरलाई हटाउने कसरतमा सत्तारुढ दल

- खाली कागजमा कांग्रेस-एमाले सांसदहरूको हस्ताक्षर संकलन, परेको बेला प्रयोग गरिने
- दुईतिहाइ बहुमतका लागि साना दलको समर्थन अपरिहार्य
- १३ भदौमा उपसभामुखको स्वदेश फिर्तीपछि हटाउने प्रक्रिया अघि बढाइने





मैले अपराध गरेको प्रमाणित भए मलाई जेल हाल्नुपर्‍यो नि । तर, सामान्य विषयमा स्वार्थका लागि आरोप लगाउन मिल्छ ? यो कस्तो राजनीतिक संस्कृति हो ? यही हो लोकतन्त्र ?

**इन्दिरा राना मगर**
उपसभामुख, प्रतिनिधिसभा

पार्टीमा उहाँको बारेमा प्रश्न उठेको छ । यसको निरूपण हुनुपर्छ, कुन विधिबाट जाने भन्ने कुरा उपयुक्त समयमा उपयुक्त निर्णय गर्नुपर्ने बहस सिर्जना भएको छ, हामी समय हेरेर गर्छौं ।

**महेश बर्तौला**
मुख्य सचेतक, नेकपा एमाले

**जेबी योञ्जन**

**काठमाडौं**– सत्तामा रहेका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरलाई हटाउने प्रक्रियामा लागेका छन् । अमेरिका भ्रमणमा रहेकी उनी १३ भदौमा उनी नेपाल आएलगत्तै हटाउन दुई प्रमुख सत्ता साझेदार दलले मंगलबार सांसदहरूको हस्ताक्षर संकलन गरेका छन् ।

उपसभामुख मगरमाथि कांग्रेस-एमालेले मानव तस्करीमा लागेको आरोप लगाउने गरेका छन् । यही आरोप लगाएर हटाउने पक्षमा दुई दल देखिएका हुन् । सत्तापक्षको अर्को लक्ष्य भनेको संवैधानिक परिषद्मा बहुमत पुऱ्याउनु हो ।

सोमबार सांसदहरूको हस्ताक्षर संकलनकै क्रम चलिरहँदा बसेको सत्ता गठबन्धनको बैठकले उपसभामुख मगरमाथि उठेको प्रश्न निरूपण गर्नुपर्ने निष्कर्ष निकालेको छ । त्यो प्रश्न भनेको अनधिकृत व्यक्तिलाई अमेरिका पठाउन उपसभामुख मगरले अमेरिकी दूतावासमा पठाएको सिफारिसको विषय हो ।

गृहमन्त्री रमेश लेखक भिजिट भिसा प्रकरणमा मुछिएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले लगातार मानव तस्करको आरोप लगाउँदै संसदीय समितिबाटै छानबिन गर्न माग गरिरहँदा त्यस्तै प्रकृतिको आरोपमा उपसभामुख मगरलाई हटाउन दुई दल कस्सिएर लागेका हुन् ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले उपसभामुखमाथि उठेको प्रश्नको निरूपण गर्नुपर्ने बताए । यसप्रति मंगलबारको बैठकमा सत्तापक्षीय दलहरू सहमत भएको उनको दाबी छ । उनले उपसभामुख मगरको हालको अमेरिका भ्रमणबारे पनि प्रश्न उठाए ।

उनले भने, 'उहाँ अहिले संसद्को मामिलामार्फत विदेश जानुभएको छ वा निजी भ्रमणमा जानुभएको छ हाम्रो जानकारीमा भएन । उहाँको बारेमा प्रश्न उठेको छ । यसको निरूपण हुनुपर्छ, कुन विधिबाट जाने भन्ने कुरा उपयुक्त समयमा उपयुक्त निर्णय गर्नुपर्ने बहस सिर्जना भएको छ, हामी समय हेरेर गर्छौं ।'

क्रमशः पृष्ठ २ मा

### दुईतिहाइ पुऱ्याउन सकस

उपसभामुख इन्दिरा राना मगरलाई पदअनुकूलको आचरण नगरेको भन्दै हटाउन लागेका कांग्रेस र एमालेलाई प्रतिनिधिसभामा दुईतिहाइ समर्थन चाहिन्छ । त्यो भनेको १८३ सांसदको समर्थन हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद दीपक बोहराको निधनपछि हाल कायम २७४ सदस्यीय प्रतिनिधिसभाको यो संख्या दुईतिहाइ हो ।

प्रतिनिधिसभामा कांग्रेसका ८८ जना सांसद छन् । एमालेका ७९ जना छन् । यी दुई दलका सांसद संख्या १६७ हो । त्यसैगरी अशोककुमार राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)का सात, क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# ग्लोबल युरो प्वाइन्ट कन्सल्टेन्सीका रोशनको ठगीधन्दा

## युरोप पठाउने भन्दै लाखौं असुलेर भारतमा फरार

- जनकपुरका ऋषि झासँग इटाली पठाउने भन्दै आठ लाख १० हजार रुपैयाँ ठगी
- धनुषाकै अभिषेककुमार मण्डलसँग डेनमार्क पठाउन साढे छ लाख रुपैयाँ असुली
- जनकपुरका ४०–४५ जनाबाट पैसा उठाएको पीडितहरूको दाबी

**प्रभाव संवाददाता**




**काठमाडौं**– धनुषाको जनकपुरका ऋषि झा काठमाडौं आइइएलटिएस गर्दै थिए । जनकपुर गएको बेला रोशन यादवसँग भेट भयो । ग्लोबल युरो प्वाइन्ट कन्सल्टेन्सी प्रालिका सञ्चालक रोशनले तीन महिनामै युरोप पठाइदिन्छु भनेर प्रलोभन देखाए ऋषिलाई । ऋषिले रोशनको कुरा पत्याए ।

इटाली जानका लागि भन्दै ऋषिले रोशनलाई आठ लाख १० हजार रूपैयाँ बुझाए । उनले २०८० माघ १८ गते पैसा बुझाएका हुन् । तर छिटो युरोप छिर्ने सपना देखेका उनी रोशनबाट ठगिए । उनी अहिले न्यायको खोजीमा भौतारिँदै हिँडेका छन् । दुई वर्ष बित्दा पनि इटाली जान नपाएपछि उनले रोशनविरुद्ध वैदेशिक रोजगार विभागमा मुद्दा दर्ता गरेका छन् । 'यत्रो दुई वर्ष भइसक्यो, पैसा पनि खेर गयो । बरु आइइएलटिएस नै गरेको भए यतिबेला पुगिने रहेछ,' उनले भने ।

धनुषाकै अभिषेककुमार मण्डललाई पनि रोशनले डेनमार्क पठाइदिन्छु भनेका थिए । त्यसपछि, वैदेशिक रोजगारीमा रहेका बुबासँग मागेर अभिषेकले साढे छ लाख रूपैयाँ बुझाए । विदेश पठाएरै छाड्छु भनेर रोशनले अभिषेकलाई भारतमा बोलाएर एक महिनासम्म राखे । तर उल्टै होटेलको बिलसमेत नतिरी रोशन फरार भए । नेपालमा कमाउन कठिन देखेर युरोप छिर्न लागेका उनी पनि ठगिए । 'एक वर्षमा यहाँ बस्यो भने वार्षिक पाँच-छ लाख रूपैयाँ पनि कमाउन मुस्किल छ । युरोप गयो भने वर्षमा २४-२५ लाख रूपैयाँसम्म कमाउन सकिन्छ, बचत हुन्छ । घरपरिवार हेर्न सकियो । त्यसैले जान खोजेको, ठगीमा परियो,' उनले भने ।

रोशनले ४०-४५ जना स्थानीय युवाहरूबाट पैसा उठाएको पीडितहरूको दाबी छ । एक जनाबाट १२ लाख रूपैयाँसम्म लिएको उनीहरूले बताए । सिरहाको कर्जन्हा गाउँपालिका घर भएका २७ वर्षीय रोशनले सामूहिक लगानीमा जनकपुरमै एसएम कलेजसमेत सञ्चालन गरेका थिए । साथी पर्ने अर्का शिक्षकले रोशनले राम्रो ठाउँमा पठाइदिन्छन्, मान्छे पनि राम्रो छ भनेपछि आफूहरूजस्तै धेरैले पत्याएको उनीहरूले बताए ।

रोशनको कन्सल्टेन्सी जनकपुर उपमहानगरपालिका-२ को वडा कार्यालय छेवैमा छ । कन्सल्टेन्सीको बोर्डमा क्यानडा, अस्ट्रेलिया, पोर्चुगल, जर्मनी, डेनमार्क, माल्टा, क्रोएसिया, ग्रीसलगायतका मुलुक पठाइने उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा




# मुक्त कमैया पुनर्स्थापनाका लागि कार्यविधि बनाउँदै बर्दगोरिया

■ प्रभाव संवाददाता

**कैलाली–** जिल्लाको बर्दगोरिया गाउँपालिकामा रहेका मुक्त कमैयाहरूको समस्या समाधान गर्न मुक्त कमैया, हलिया तथा कमलरी पुनर्स्थापना कार्यविधि बन्ने भएको छ । यसका लागि मंगलबार गाउँपालिकाले मुक्त कमैया समाजसँग समन्वय गरी मस्यौदा समिति गठन गरेको छ ।

वडा नम्बर १ का वडा अध्यक्ष एवं पालिकाका सामाजिक विकास संयोजक मिथुन गौतमको संयोजकत्वमा पाँच सदस्यीय मस्यौदा समिति बनेको छ । समितिमा गाउँपालिकाका कानुन अधिकृत तपेन्द्र न्यौपाने सदस्यसचिव छन् । सदस्यहरूमा मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरी, मुक्त कमैया समाजका सुदूरपश्चिम प्रदेश अध्यक्ष चन्द्रप्रसाद चौधरी र पूर्वकमलरी फूलकुमारी कठरिया रहेका छन् ।

समितिले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गरी कार्यविधिको मस्यौदा तयार गर्ने छ । तयार मस्यौदालाई समितिले दफावार छलफलका लागि कार्यपालिकामा पठाउने छ । कार्यपालिकाले स्वीकृत गरेपछि उक्त कार्यविधि कार्यान्वयनमा ल्याइने छ ।



यो कार्यविधि निर्माण भए बर्दगोरियामा रहेका मुक्त कमैयाहरूको समस्या समाधान गर्न सहज हुने गाउँपालिकाका अध्यक्ष कर्णबहादुर कुँवरको बुझाइ छ । मुक्त कमैयाहरूका लागि आवास निर्माण, निःशुल्क शिक्षा, विभिन्न सीपमूलक तालिम तथा सरकारी अनुदानलगायतका कार्यहरू सञ्चालन गर्न कार्यविधिले सहजता ल्याउने उनको भनाइ छ । 'पहिलो कुरा त सेवा सुविधा पाउन मुक्त कमैयाको पहिचान हुनुपर्‍यो । त्यो पहिचान भनेको परिचयपत्र हो । हाम्रो पालिकामा बसोबास गर्ने करिब एक हजार ५०० मुक्त कमैयाका घरपरिवारमध्ये करिब ३०० घरपरिवारसँग अझै पनि परिचयपत्र छैन,' अध्यक्ष कुँवरले भने ।

उनका अनुसार परिचयपत्र नभई सरकारले सेवा सुविधा दिन मिल्दैन । 'उनीहरू हाम्रै दाजुभाइ हुन, कार्यविधि नहुँदा मुक्त कमैया पहिचान गर्न पनि समस्या भयो । यसका लागि मुक्त कमैया समाजसँग सहकार्य गरेर काम अघि बढाएका छौं,' उनले भने ।

कार्यविधि निर्माणमा मुक्त कमैया पहिचानको सवाललाई गम्भीर रूपमा उठाइने छ । धेरै मुक्त कमैयाहरूले परिचयपत्र नपाएकै कारण सेवाबाट वञ्चित हुनु परेकाले कार्यविधिमा सबैभन्दा बढी मुक्त कमैया पहिचानका आधारहरू तय गरिने मस्यौदा समिति संयोजक मिथुन गौतमले बताए । उनका अनुसार पहिचानसँगै मुक्त कमैयाको जीविकोपार्जन, सीपमूलक तालिम तथा अनुदान, सुरक्षित आवास निर्माणलगायतका सवाल पनि कार्यविधिको प्राथमिकतामा पर्ने छन् ।

बर्दगोरियामा वडा नम्बर ३ र ४ मा सबैभन्दा बढी मुक्त कमैयाहरूको बसोबास रहेको छ । परिचयपत्र नपाउने समस्या वडा नम्बर ३ मा सबैभन्दा बढी छ । स्थानीय सरकारले कार्यविधि निर्माण गरेपश्चात् मुक्त कमैयाको पहिचानसँगै राज्यको सेवा सुविधामा पनि उनीहरूको पहुँच बढ्ने र उनीहरूको जीवनयापन सहज हुने अपेक्षा गरिएको छ ।

# बुद्धको देशबाट जलवायु न्यायका लागि साझा सन्देश लैजानुपर्छः उपाध्यक्ष घिमिरे

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरेले हिन्दूकुश हिमालय क्षेत्रका देशहरूलाई गौतमबुद्धको देशबाट शान्तिसँगै जलवायु न्यायका लागि साझा सन्देश लैजान आग्रह गरेकी छन् ।

संघीय संसद्को आयोजनामा काठमाडौंमा जारी हिन्दूकुश हिमालय पार्लियामेन्टरियन मिटको 'हाई लेभल पार्लियामेन्टरी राउण्ड टेबल' सत्रलाई सम्बोधन गर्दै उपाध्यक्ष घिमिरेले गौतमबुद्धको देशबाट शान्तिको मात्रै होइन जलवायु परिवर्तनका असरका विरुद्ध साझा प्रयास र जलवायु न्यायको पक्षमा साझा सन्देश लैजान आग्रह गरिन् ।

हिन्दूकुश हिमालय क्षेत्रका मुलुकहरूमा वायु प्रदूषण, जैविक विविधताको ह्रास, जलवायु परिवर्तनबाट सिर्जित संकटजस्ता विषय साझा चुनौतीका रूपमा देखापरेको चर्चा गर्दै उनले भूगोलमा ठूलो वा सानो भए पनि समस्या सबैको साझा भएको हुँदा एकीकृत कानुन बनाएर जानुपर्ने बताइन् ।

'स्वच्छ हावामा सास लिन पाउने नागरिकको नैसर्गिक अधिकार, हिन्दूकुश हिमालय क्षेत्रमा विद्यमान जैविक विविधताको उचित संरक्षण र व्यवस्थापन गरेर त्यसबाट समुदायले लाभांश प्राप्त गर्ने सम्भावना तथा प्रकृति र समाजको जलवायु उत्थानशीलतामा अभिवृद्धि गर्न यस क्षेत्रका सांसद तथा सरकार मिलेर साझा 'एजेण्डा'मा कार्य गर्न आवश्यक छ,' उपाध्यक्ष घिमिरेले भनिन्, 'यसका लागि हिन्दूकुश हिमालयका सांसदले नियमितरूपमा संवाद र सहकार्य गर्न एउटा क्षेत्रीय फोरमको स्थापना गर्न आवश्यक छ ।'

उनले भविष्यमा यस्तो फोरमबाट हिन्दूकुश हिमालयका सांसदहरूले जलवायु परिवर्तन, जैविक विविधता संरक्षण र वायु प्रदूषणसँग सम्बन्धित अनुभव तथा विशिष्ट अभ्यास आदानप्रदान गरी संसद् सदस्यहरूको भूमिकालाई अझ सुदृढ गर्न तथा क्षेत्रीयस्तरमा नै प्रभावकारी नीति तथा कानुन तर्जुमा गर्न सकिने धारणा राखिन् । आगामी दिनमा हिमालयदेखि महासागरसम्म सबैका लागि स्वच्छ हावामा सास फेर्न पाउने वातावरण निर्माण गर्ने, यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्ने र जलवायु परिवर्तनबाट पर्ने असरलाई सम्बोधन गर्न हिन्दूकुश हिमालय क्षेत्रका मुलुकहरूले महत्त्वाकांक्षी कदम चाल्नुपर्ने विषयमा पनि उनले जोड दिइन् ।

उक्त सत्रमा नेपालको संघीय संसद्का तर्फबाट प्रतिनिधिसभा सदस्यद्वय योगेश गौचन र सोविता गौतम तथा भारत, पाकिस्तान, बंगलादेश, म्यान्मार र भुटानको संसदका सदस्यहरूले पनि आ-आफ्ना धारणा राखेका थिए ।

# जापानिज इन्सेफलाइटिस्‌बाट सात महिनामा ११ जनाको मृत्यु



**काठमाडौं (प्रस)–** पछिल्लो सात महिनामा जापानिज इन्सेफलाइटिस्‌बाट ११ जनाको मृत्यु भएको छ । सन् २०२५ को जनवरीदेखि हालसम्म उक्त संख्यामा संक्रमितको मृत्यु भएको हो ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले हालसम्म ६३ जनामा जापानिज इन्सेफलाइटिस् देखिएको र ११ जनाको मृत्यु भइसकेको बताए ।

उनका अनुसार तेह्रथुम, बारा, मोरङ, झापा, नवलपराली पश्चिम, कैलाली, प्युठान र अर्घाखाँचीका एक/एक जना तथा चितवन तीन जनाको मृत्यु भएको छ । मृत्यु भएकामध्ये आठ वर्षका एक जना, १७ वर्षका एक जना र ४० वर्षभन्दा माथिका नौ जना रहेका छन् ।

शाखा प्रमुख डा गौतमका अनुसार घरमा नै रहेका ३० प्रतिशत र अस्पताल जाँदाजाँदै २७ प्रतिशतको मृत्यु भएको छ । सन् २०२४ मा जापानिज इन्सेफलाइटिस्‌बाट २५ जनाको निधन भएको थियो भने ८६ जनामा संक्रमण भएको थियो ।

उनले जापानिज इन्सेफलाइटिस् खोप नलगाएकाहरूमा धेरै संक्रमण देखिएको बताए । 'हालसम्म २४ जिल्लामा ५० वटा स्थानीय तहमा यसको देखिएको छ । २४ वटा स्थानीय तहलाई उच्च जोखिमको रूपमा लिइएको छ । यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ,' डा. गौतमले भने ।

उनका अनुसार नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफलाइटिस्‌विरुद्धको खोप लगाइसकिएको छ ।

चिकित्सकहरूका अनुसार जापानिज इन्सेफलाइटिस् मस्तिष्कमा संक्रमण हुने क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो लामखुट्टे साँझपख तथा झिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्दछ । धानबाली, दलदल र पानी जम्ने स्थान लामखुट्टेका लागि उपयुक्त प्रजननस्थल भएकाले यस्ता क्षेत्रमा संक्रमणको जोखिम बढी हुने गरेको बताइन्छ ।

जापानिज इन्सेफलाइटिस् गम्भीर अवस्थामा पुग्यो भने मस्तिष्क सुन्निने, पक्षाघात हुने, बेहोस हुने, कोमामा जाने वा ३० प्रतिशतसम्मको मृत्युसमेत हुनसक्ने डा गौतमले बताए । यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्न सक्ने भए पनि धेरैजसो १५ वर्षमुनिका बालबालिकामा देखिने गर्दछ ।

यो रोग संक्रमित हाँस, कुखुराजस्ता चराचुरुंगी र सुँगर-बंगुरजस्ता जनावरलाई टोकेका संक्रमित लामखुट्टेले मानिसलाई टोकेमा सर्ने गर्दछ । यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. ADMINISTRATIVE SECRETARY - (2 PAX)
2. PUBLIC RELATION OFFICER (PRO) - (5 PAX)

नोटः अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा दक्ष, कम्प्युटरको राम्रो ज्ञान भएको हुनुपर्ने छ ।

★ तलबः आपसी समझदारीमा

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, 9801820009
E-mail : info@centralcapitalservices.com, md@centralcapitalservices.com

## कतारमा रोजगार

कम्पनी : LAPLAND TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 329631 | चलानी नं. ६०२४३४२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Machine Operator | 2 | 0 | 3000 | ११५,०७५ | | | | | | | |
| 3 | Marketing Represnt | 2 | 0 | 3500 | १३४,२५५ | | | | | | | |
| 4 | Office Cleaner | 4 | 0 | 1200 | ४६,०३० | | | | | | | |
| 5 | Purchasing Representative | 2 | 0 | 3600 | १३८,०९० | | | | | | | |
| 6 | Sales Executive | 1 | 1 | 2500 | ९५,८९५ | | | | | | | |
| 7 | Supervisor | 2 | 0 | 2500 | ९५,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा
## आशयपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/04**

यस कार्यालयबाट २०८२।०३।०९ गते (तदनुसार **23 Jun, 2025**) को प्रभाव राष्ट्रिय दैनिक-मा नगर हस्पिटलको औषधि तथा औषधिजन्य सामाग्री खरिदका लागि विधुतिय दरभाउपत्र आह्वान भए अनुसार प्राप्त दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित दरभाउपत्रहरु न्यून मूल्यांकित भई सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि न | कामको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम ठेगाना | औषधि तथा औषधिजन्य सामग्रीहरुको संख्या | कुल कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | Procurement of medicine and related Items for Hospital pharmacy. KANKAI/NCB/ GOODS/1/2082-83 | श्री गिताश्वीनी प्रोमेड प्रा.लि, बुढानिलकण्ठ-८ काठमाडौं | १५ | २४५११०।- (अक्षरीपी रू दुई लाख पैतालिस हजार एक सय दश रुपीया) |
| २ | | श्री कालिमा ड्रग डिस्ट्रिव्युटर, अर्जुनधारा झापा | १४४ | १०५९२५८२।- (अक्षरीपी रू एक करोड पाँच लाख बयानब्बे हजार पाँच सय बयासी रुपीया) |
| ३ | | श्री गणेश ड्रग हाउस बिराटनगर मोरंग | २३३ | ९७४७४०४।- (अक्षरीपी रू सन्तानब्बे लाख सड्चालिस हजार चार सय चार रुपीया) |
| ४ | | श्री अमन फार्मेसी, बिर्तामोड झापा | ९१ | ३२२७७५०- (अक्षरीपी रू बत्तिस लाख सत्ताइस हजार सात सय पचास रुपीया) |
| **जम्मा** | | | **४८३** | २३८१२८४६।- (अक्षरीपी रू दुई करोड अड्तिस लाख बाह्र हजार आठ सय छयालिस) |

**बोधार्थ**

सम्पुर्ण Procurement of medicine and related Items for Hospital pharmacy. KANKAI/NCB//GOODS/1/2082-83 सँग सम्बन्धित दरभाउपत्र दाताहरु


## Mauritius मा रोजगार

कम्पनी : NAPCO RECONDITIONING CENTRE LTD

पूर्व स्वीकृति मिति : २०८०/०६/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 293557 | चलानी नं. ६०२०८७३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Turner and Fitter Machine Operator and Welder | 4 | 0 | 17000 | ५२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

## युएइ/ओमनमा रोजगार

कम्पनी : WELL CERTIFIED SCAFFOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329290 | चलानी नं. ६०२४३१४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Scaffolder Labour | 10 | 0 | 1500 | ५७,०४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAR ALALMAS INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329346 | चलानी नं. ६०२४३१९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 1 | 0 | 170 | ६१,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

## मलेसियामा रोजगार

कम्पनी : AZAM ARMADA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 323339 | चलानी नं. ६०२३७२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 33 | 0 | 1700 | ५६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL IMTIAZ PRODUCTS TRADING CO

पूर्व स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 329547 | चलानी नं. ६०२४३३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading&unloading Lobour | 2 | 0 | 1200 | ४४,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

## युएइमा रोजगार

कम्पनी : BURJ ALAYAN BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 323652 | चलानी नं. ६०२३७६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 7 | 0 | 800 | ३०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEER TIME AL KUWAIT RESTAURANT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 317366 | चलानी नं. ६०२३१६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 4 | 0 | 1300 | ४९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDIA PALACE RESTAURANT LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 312807 | चलानी नं. ६०२२७१९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier Female | 0 | 20 | 1300 | ४९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier Male | 20 | 0 | 1300 | ४९,४३५ | | | | | | | |
| 3 | Commi | 13 | 0 | 1200 | ४५,६३० | | | | | | | |
| 4 | Waiter | 15 | 0 | 1100 | ४१,८३० | | | | | | | |
| 5 | Waitresses | 0 | 20 | 1200 | ४५,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सत्तापक्षको प्रतिशोध र स्वार्थप्रेरित कदम

दलहरूले सत्ताको प्रयोग आफू अनुकूल गर्न थालेको यो पहिलो घटना होइन । कहिले राष्ट्रिय सभाको अध्यक्ष माओवादीको बनाउने त कहिले उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीको बनाउने । यो खेलको मुख्य भूमिकामा देखिएको दल हो नेकपा एमाले । अहिले सत्ताको नेतृत्वमा यही दलका अध्यक्ष केपी शर्मा ओली छन् । सत्ताको सौदाबाजीमा अरुका स्वार्थ पनि त पूरा गरिदिनपर्छ । अहिले एमाले आफूभन्दा बलियो दल नेपाली कांग्रेससँग सत्ता समीकरणमा छ । यही बेला संवैधानिक परिषद्सम्बन्धी विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले फिर्ता पठाएको समय हो ।

स्वार्थसिद्ध गर्न एमालेले छ सदस्यीय संवैधानिक परिषद्मा तीन जना उपस्थित भए पनि दुई जनाको बहुमत मान्न मिल्ने खालको प्रावधान राखेर विधेयक अघि बढाएको थियो । उक्त विधेयक फिर्ता पठाएपछि एमाले अहिले उपसभामुख इन्दिरा राना मगरलाई हटाउनैपर्ने निर्णयमा पुग्नुपर्‍यो ।

वर्ष दिनअघि नै पाँच जनालाई अमेरिकी दूतावासमा भिसाका लागि सहयोग मागेको विषयमा कांग्रेसले राना मगरमाथि प्रश्न उठाएको थियो । त्यतिबेला एमालेले कांग्रेसको कुरा सुनेन । अहिले भने कांग्रेसको ट्र्यापमा परेसँगै एमालेले आचरणको अभियोग लगाउँदै उपसभामुखबाट राना मगरलाई हटाउन लागि परेको हो ।

संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहन्छन् । त्यसपछि प्रधानन्यायाधीश, विपक्षी दलका नेता, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपसभामुख सदस्य हुन्छन् । यीमध्ये अहिले तीन जना प्रतिपक्षी दलबाट भएसँगै सरकार अप्ठेरोमा परेको देखिन्छ । कुनै कारण प्रधानन्यायाधीश तटस्थ बसिदिए प्रधानमन्त्री ओली अल्पमतमा पर्छन् । यसकारण पनि सरकारले गर्नुपर्ने संवैधानिक निकायसम्बन्धी विभिन्न निर्णय र काम रोकिएका छन् ।

यही विषयमा शक्ति आर्जनका लागि अहिले एमाले कांग्रेससँग झुक्नुपरेको देखिन्छ । कुनै बेला गल्ती गरेकै भए पनि संरक्षण गरिराख्ने, अहिले आफू अनुकूल नभएपछि भने रातारात हटाउने निर्णय गर्नु आफैंमा शक्तिको उन्मादको खेलमा लागेका प्रस्ट हुन्छ । केही समयअघिसम्म मौन बसेको सत्तारुढ दल किन एकाएक यो खेलमा लाग्यो त ? यससम्बन्धी विभिन्न प्रश्नहरू उब्जेका हुन् ।

अहिले कुनै बेला ओलीले अध्यादेशमार्फत ५२ जना संवैधानिक आयोगका पदाधिकारी नियुक्त गरेका थिए । अहिले यो विषय अदालतमै पुग्यो । अदालतले तत्कालका लागि यो निर्णयलाई निरन्तरता दिए पनि थप के हुने भन्नेमा अन्योल छ । यस्ता विषयमा 'डेडलक' खोल्न र संवैधानिक आयोगमा नयाँ पदाधिकारी चयन गर्न कांग्रेस एमालेले इन्दिरालाई उपसभामुखबाट हटाउन खोजेको देखिन्छ । शक्तिको उन्मादमा स्वार्थअनुकूल यसरी अभियान चलाउनु राम्रो अभ्यास होइन ।

# वनको अवस्था र अर्थतन्त्रमा योगदान



■ गम्भीरबहादुर हाडा

> वनमा घाँसदाउरा, काठ, जडीबुटी आदि वन पैदावार संकलन तथा गाईवस्तु चराउन जानेहरूका लागि छुट्टै जनचेतनामूलक तालिम, सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । प्रचलित ऐन नियममा समाविष्ट भएका वन डढेलोसम्बन्धी दण्ड जरिवानाका प्रावधानहरू सञ्चारमाध्यममार्फत जानकारी गराउनुपर्दछ । डढेलोको क्षणिक फाइदा र दीर्घकालीन घाटा सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउन आवश्यक छ ।

नेपालको प्राकृतिक साधनहरूमध्ये वनजंगल पनि एक महत्त्वपूर्ण साधन हो । नेपालको वन साधन अरु मुलुकको दाँजोमा कम छैन । बर्मा, कम्बोडिया, सिलोन र ताइवानको क्षेत्रफलको आधा वा आधाभन्दा बढी भाग जंगलले ढाकेको छ । जबकि मलाया, थाइल्याण्ड र दक्षिण कोरियाको दुईतिहाइभन्दा बढी भाग जंगलले ढाकिएको छ । राष्ट्रिय वन योजना २०३३ अनुसार प्राकृतिक वनस्पति तथा वन्यजीवको आश्रमस्थललाई वन भनिन्छ । उपरोक्त परिभाषाबाट हेर्दा वन जीवन तथा निर्जीव तत्वहरूको इकोसिस्टमभित्रकै एक भाग हो भन्ने कुरा स्पष्ट हुन्छ ।

रुख, रुखको बोक्रा, जरा तथा जडीबुटीहरू विभिन्न रोगका उपचारमा पनि प्रयोग हुने कुरा ऋग्वेद तथा अथर्व वेदमा पनि उल्लेख भएको पाइन्छ । यसको साथसाथै प्राचीन आर्यहरूले कृषि उपजको निम्ति केही जंगल फाँडे पनि ऋषिकूल तथा गुरुकूलजस्ता शैक्षिक केन्द्रहरूको थलो वनलाई नै मानेका थिए । मानव जीवनलाई आश्रय पद्धतिमा विभाजन गरिएको थियो जसअनुसार वान प्रस्थाको रूपमा जीवनको केही अंश भाग जंगलमै बिताउनुपर्थ्यो । वन वनस्पतिले मानिसको प्राणवायु निर्माण तथा सञ्चार गर्नमा सबभन्दा गहकिलो योगदान गरेको हुन्छ ।

वन सम्पदाले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिएको हुन्छ । वनबाट दाउरा बाल्न काठमात्र पाइने होइन, बरु उद्योगहरूका लागि धेरैजसो कच्चापदार्थहरू वनबाटै उपलब्ध हुन्छ । वनजंगलबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्राप्त हुन आउने फाइदाहरू प्रशस्त छन् । वनजंगलले विभिन्न पशुपक्षीलाई आश्रय दिई राष्ट्रिय पशुपक्षीहरूको संरक्षणको काम गर्दछ ।

नेपाल तीव्र वन विनासको चपेटामा परेको मुलुक हो । बितेको तीन दशकमा नेपालमा तीव्ररूपमा वन विनास हुँदै आएका छन् । वन सम्पदाको क्षय तथा विनास भन्नाले यस्तो अवस्थालाई बुझ्नुपर्दछ । जसअन्तर्गत वनको पुनःसिर्जना हुनसक्ने क्षमताभन्दा बढी वनपैदावर निरन्तररूपमा प्राप्त गर्ने प्रयत्न मानिसद्वारा गरिन्छ । यस्तो प्रक्रियाले अन्ततः वनको कूल क्षेत्रफललाई नै घटाइदिन्छ । हुन त नेपालमा विगत ५० वर्षमा काठ, दाउरा र पशु आहारको मागमा भएको वृद्धिले वन विनासको गति तीव्ररूपमा बढेको छ । नेपालमा हुँदै गएको तीव्र वन विनास पनि हाम्रो लागि निकै सोचनीय छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार वन तथा भूसंरक्षणअन्तर्गत विश्वको कूल भूभागको ३१.० प्रतिशत वन क्षेत्रले ओगेटेको छ । जम्मा वन क्षेत्रको करिब ५४.० प्रतिशत वन रहेको छ । सन् २०२४ मा नेपालको वन क्षेत्र कूल भूभागको ४६.०८ प्रतिशत पुगेको छ । सन् १९९० को दशकमा नेपालको कूल क्षेत्रको ३९.६ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४.७४ प्रतिशत र सन् २०१९ मा ४५.३१ प्रतिशत रहेको थियो । हाल नेपालमा वन क्षेत्रले ६३ लाख ९९ हजार ३४१ हेक्टर र झाडी-बुटयान क्षेत्रले तीन लाख ९७ हजार ९१६ हेक्टर भूभाग ओगटेको छ । यसमध्ये कूल भूभागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुटयान क्षेत्र गरी कूल क्षेत्रफल ४६.०८ प्रतिशत रहेको छ ।

गत वर्ष २०८१ को असारसम्म वन क्षेत्रले ६१ लाख ६६ हजार ७६६ हेक्टर र झाडी-बुटयान क्षेत्रले पाँच लाख ३५ हजार १७९ हेक्टर भूभाग ओगटेको थियो जसमध्ये कूल भूभागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुटयान क्षेत्र गरी कूल वन क्षेत्र ४५.३१ प्रतिशत रहेको थियो । नेपालमा प्रतिव्यक्ति ०२ हेक्टर वन क्षेत्र पर्दछ । नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वन क्षेत्र चुरे क्षेत्रमा ७३.६८ प्रतिशत रहेको छ भने सबैभन्दा कम वन क्षेत्र उच्च हिमालमा ३.४१ प्रतिशत रहेको छ । नेपालको भूभागमध्ये ३४ हजार ४२० वर्ग किलोमिटर संरक्षित क्षेत्रको रूपमा रहेको छ । यो कूल भूभागको २३.४ प्रतिशत हो । साथै, ११ वन संरक्षण क्षेत्रअन्तर्गत हालसम्म एक लाख ९४ हजार १५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा वन जंगलको विकासअन्तर्गत वन क्षेत्रको संरक्षण र वन पैदावारलाई राष्ट्रिय स्रोतको रूपमा सदुपयोग गरिनुका साथै पर्यावरण र जैविक विविधतामा प्रतिकूल असर नपर्नेगरी वन क्षेत्रको व्यावसायिक उपयोग र दिगो व्यवस्थापन गरिने कार्यक्रम राखिएको छ । वन क्षेत्रको भोगाधिकार दिँदा नापजाँच गरिएका रूखहरू कटान गर्नुअघि पुनः नापजाँच गर्नुपर्ने व्यवस्था हटाइनुका साथै सुकेका तथा ढलापडा रूखलाई संकलन गरी प्रयोगमा ल्याइने कार्यक्रम राखिएको छ । देशभित्रको काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन सिजनिङ उद्योगलाई प्रोत्साहन गरिनुका साथै पुष्पलाल मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा फर्निचर तथा भेनियर उद्योग स्थापना गर्न प्रोत्साहन गरिने कार्यक्रम राखिएको छ ।

काठमाडौं उपत्यकालगायत देशका प्रमुख सहरहरूमा वायु प्रदूषण न्यूनीकरण गर्न कारखानाहरूमा प्रयोग भइरहेको परम्परागत बोइलरलाई विद्युतीय प्रविधिमा रूपान्तरण गर्न निजी क्षेत्रलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने कार्यक्रम राखिएको छ । जैविक विविधताको संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिनुका साथै डढेलो लगाउने व्यक्तिलाई कानुनको दायरामा ल्याउन सूचना दिने र निभाउन योगदान गर्ने व्यक्ति तथा समुदायलाई पुरस्कृत गरिने कार्यक्रम राखिएको छ ।

ग्रामीण क्षेत्रमा प्राकृतिक स्रोतसँग बिहान-बेलुका वनमा जोडिने धेरै महिला छन् । वनबाट खानेपानी ल्याउनेदेखि, घाँसदाउरा ल्याउने, कन्दमुल खोज्ने, जनावर चराउनेसम्मका धेरै काम महिलाले गर्छन् । वनमा बिरुवा रोप्ने, त्यसको संरक्षण गर्ने, रोपेका बिरुवा छोराछोरीलाई जस्तै हुर्काउने काममा पनि महिलाको सक्रिय योगदान छ । यसैले होला सामुदायिक वनमा संरक्षणमा महिला सहभागिता र सक्रियता अन्य क्षेत्रमा भन्दा धेरै छ । वन संरक्षणमा लागेका केही महिला वन उद्यमसित जोडिएका छन् । यसले, उनीहरूको व्यक्तिगत र पारिवारिक पाटो बलियो बनाएको छ अब वन संरक्षण र नेतृत्वमा लागेका महिला वन उद्यम वा पर्यापर्यटनमा लाग्नुपर्छ । महिला तथा विपन्न वर्ग लक्षित कार्यक्रममा परिचालन गर्नुपर्ने सामुदायिक आम्दानीको ३५ प्रतिशत रकम कहाँ खर्च भएको छ ? त्यो खोजेर अनिवार्य महिलाको आयआर्जन र सीप विकासमा लगानी गर्नुपर्छ । सीप सिकेकालाई उत्पादनसित जोड्नुपर्छ ।

वन डढेलो वन जंगलमा लाग्ने अनियन्त्रित आगोको रूप हो । वनजंगल, भिरपाखा, घाँसे मैदान तथा खरबारीमा हुने आगलागीलाई वन डढेलो वा डढेलो भनिन्छ । वन विनासको प्रमुख कारक तत्वहरूमध्ये वन डढेलो सबैभन्दा खतरनाक तत्व हो । वन डढेलो लाग्नु अगावै डढेलो लाग्नै नदिन गरिने विभिन्न क्रियाकलापहरू छन्। रेडियो, टेलिभिजन, सिनेमा, पत्रपत्रिका, पोस्टर, पम्प्लेट, होर्डिङ बोर्ड, भित्तेलेखन, नाटक प्रवचन, चेतना शिविर, गीत प्रतियोगिता, शैक्षिक भ्रमण, तालिम, गोष्ठी, अन्तर्क्रियाजस्ता कार्यक्रमहरूमार्फत वन डढेलोबाट हुने क्षति र नियन्त्रणबारे जनचेतना अभिवृद्धि गराउन जरुरी छ । वातावरणीय तापक्रम हावाको बहाव र वायुमण्डलीय आद्रताको अध्ययनबाट खतरनाक डढेलो लाग्ने दिनहरूको भविष्यवाणी गर्ने, डढेलोबाट बर्सेनि हुने क्षतिको जानकारी सार्वजनिक गर्ने, हिउँदको समयमा वनभित्र जाँदा डढेलोसम्वन्धी अपनाउनुपर्ने सावधानी सम्बन्धमा सम्भावित जोखिम क्षेत्रको सार्वजनिक मानिसको धेरै आवागमन हुने स्थानहरूमा सूचना/जानकारी टाँस गर्ने कार्य गनुपर्दछ ।

वनमा घाँसदाउरा, काठ, जडीबुटी आदि वन पैदावार संकलन तथा गाईवस्तु चराउन जानेहरूका लागि छुट्टै जनचेतनामूलक तालिम, सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । प्रचलित ऐन नियममा समाविष्ट भएका वन डढेलोसम्बन्धी दण्ड जरिवानाका प्रावधानहरू सञ्चारमाध्यममार्फत जानकारी गराउनुपर्दछ । डढेलोको क्षणिक फाइदा र दीर्घकालीन घाटा सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउन आवश्यक छ ।

वातावरण व्यवस्थापनका सम्बन्धमा व्यवस्थित नीतिलाई विषयगत निकायले आफ्नो कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक प्राथमिकता नदिएको, विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमसँग वातावरण नीति तथा कार्यक्रमको स्पष्ट तालमेल हुन नसकेको, अन्तरनिकायगत समन्वयको अभाव भएको, वातावरण संरक्षण सचेतना लक्षित समुदायसम्म पुग्न नसकेको, गैरसरकारी संस्था/दातृ संस्थाहरूबाट भए गरेका कामहरू समन्वयात्मक रूपमा सञ्चालन हुन नसकेको जस्ता समस्याहरू देखिएका छन् । वातावरण व्यवस्थापन सम्बन्धमा व्यवस्थित नीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु, स्वीकृत मापदण्डको पालनालगायत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्नु तथा व्यक्तिको स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गर्नुजस्ता चुनौतीहरू रहेका छन् ।

वातावरणको क्षेत्रमा विकासका प्रयासहरू तत्कालको फाइदा प्राप्तितर्फ परिलक्षित हुनु, आर्थिक विकासलाई दिगो बनाउनका लागि वातावरण व्यवस्थापनलाई कार्यान्वयन तहमा उतार्न नसक्नु, वातावरणीय क्षतिको कारण पत्ता लगाई समाधान गर्नुभन्दा पनि क्षेत्रगत विकासको सोचअनुरूप कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रयासमा निरन्तरता रहनुजस्ता समस्याहरू रहेका छन् । वन विनास, माटोको क्षय, उत्पादनशीलतामा ह्रास एवं मरुभूमिकरण, बाढी, पहिरो, जैविक विविधताको ह्रास प्रमुख ग्रामीण वातावरणीय समस्याको रूपमा रहेका छन् भने सहरी क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन, पानी तथा वायु प्रदूषण व्यापक बन्दै गएको छ । साथै ध्वनिको उच्च तहबाट सिर्जित समस्या पनि सहरी र औद्योगिक क्षेत्रमा चिन्ताको विषय बन्दै गएको छ । त्यसैगरी बढ्दो मरुभूमिकरण, हिमताल विष्फोटनका कारणहरू पनि वातावरण विनासकै अभिन्न अंगको रूपमा पाइएको छ ।

वातावरण-पर्यावरणको संरक्षण र सम्वर्द्धन गर्नका लागि आधारभूत कुराहरू प्रचारप्रसार गर्नुका साथै भू-उपयोग (माटोको) सही तरिकाबाट गर्ने नीतिका तर्जुमा र कार्यान्वयनतर्फ जोड दिनुपर्ने आवश्यकता भएको छ । देशको उत्तरी भेगमा बाँझो जमिनमामात्र चरन विकास गर्न उचित व्यवस्था गर्नुपर्दछ ।

*(लेखक अधिवक्ता तथा अवकाशप्राप्त सहप्राध्यापक हुन्)*

## श्रम सरोकार

### अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छः

ड्ड वैदेशिक रोजगारसम्बन्धी कानुन
ड्ड यात्रापूर्वको तयारी
ड्ड यात्राको क्रममा अपनाउने प्रक्रिया
ड्ड आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
ड्ड सूचना प्रविधिको प्रयोग
ड्ड कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
ड्ड स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
ड्ड पारिश्रमिकको व्यवस्थापन
ड्ड सहयोगी निकाय र सहयोग लिने तरिका
ड्ड गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
ड्ड गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

## पाठक मञ्च

# बजारमा सुस्तता, देखिँदैन चाडबाडको तयारी

हिन्दूहरूको प्रमुख चाड दसैं नजिकिँदै छ । दसैं आउन अब दुई महिनामात्र बाँकी छ । पोहोरसम्म व्यापारीहरूले दसैं आउनुभन्दा तीन-चार महिना अगावै सामानहरू मगाउँथे । रेडिमेड लत्ताकपडा, झोला, जुत्तालगायतका सामान धमाधम गरिन्थ्यो । तर, यसपालि भने अवस्था फेरिएको छ ।

दसैं मुखमा आइसक्यो, व्यापारीहरूले अहिलेसम्म नयाँ सामान आयात गरेका छैनन् । कारण- पुरानै स्टक बाँकी हुनु र सामान ल्याउन पैसाको अभाव हुनु हो । दसैं ठूलो चाड हो । दसैंमा नयाँ लुगा लगाउने चलनचल्ती छ । जसका कारण बजारमा अत्यधिक लत्ताकपडाको खपत हुन्थ्यो ।

दसैं व्यापारीका लागि एउटा कमाउने मौका हो । वर्षभरिको कारोबारभन्दा बढी कारोबार व्यापारीले दसैंमा गर्छन् । चीनबाट १०० रूपैयाँमा ल्याएको सामान महाबौद्ध, न्युरोडलगायतका होलसेल व्यापारीले ३०० रूपैयाँमा बेच्छन् । त्यही सामान पसलमा ल्याएर खुद्रे व्यापारीहरूले एक हजारदेखि १५ सय रूपैयाँसम्ममा बेच्छन् । यद्यपि, कमाउने मौकामै व्यापारीहरू हात बाँधेर बसेका छन् । किनकि, बजार डामाडोल छ भन्ने कुरा उनीहरूले पनि राम्ररी बुझेका छन् । सर्वसाधारणसँग पैसा छैन । जसका कारण नयाँ सामान हाल्न उनीहरू डराएका छन् । पोहोरकै सामान नबिकिरहेको अवस्थामा नयाँ सामान हालेर के गर्नु ? भन्ने मनशाय धेरै व्यापारीमा देखिएको छ ।

सर्वसाधारणले खुद्रे व्यापारीबाट सामान किन्छन् । तर, खुद्रे व्यापारीकहाँ नै बिक्री नभएकाले नयाँ सामान लिन होलसेल जानेहरू घटेका छन् । सामान किन्न खुद्रे व्यापारी नआएपछि होलसेल व्यापारीले नयाँ सामान नमगाएका हुन् । व्यापारीहरूले विगतदेखि नै उपभोक्तालाई ठग्दै आएका छन् ।

सस्तोमा सामान ल्याएर महँगोमा बेचिन्छ । न होलसेल व्यापारीले भ्याट बिल दिन्छन् न खुद्रा व्यापारीले । लुगामा व्यापक ठगी हुन्छ भन्ने कुरा सर्वसाधारणले राम्ररी बुझिसकेका छन् । व्यापारीले सस्तोमा ल्याएर आफूहरूलाई दोब्रचाइरहेको छर्लंग भएको छ । पहिले दिनकै पचासौं हजारको व्यापार गर्ने पसलहरूमा अहिले सुख्खाराम लागेको छ ।

दिनको हजार-१५ सयको व्यापार गर्न पनि महामुस्किल छ । भनिन्छ नि, जबसम्म सच्चाइ बाहिर आउँदैन, तबसम्म पनि ठग्ने हो । व्यापारीको हकमा पनि त्यस्तै भएको छ । हिजो व्यापारीले व्यक्ति छानीछानी ठगे । अहिले त्यसको परिणाम भोग्दै छन् । व्यापारीहरूले सर्वसाधारणलाई त लुटे, सरकारलाई पनि छोडेनन् ।

सर्वसाधारणबाट एउटा सामानमा हजारौं रूपैयाँ नाफा खाने अनि राज्यलाई कर पनि नतिर्ने । कुनै बेला सामान किन्नका निम्ति पसलभित्र गएर लाइन बस्नुपर्थ्यो । होटलमासमेत घण्टौं कुर्नुपर्थ्यो । तर, परिस्थिति फेरिएको छ । व्यापारीहरू बोलाइबोलाइ ग्राहकलाई आफ्नो पसलमा लैजान्छन् ।

मुलुकका नाम चलेका सुपरमार्केटहरूको पनि अवस्था उस्तै छ । पहिलेको तुलनामा ग्राहक आधा घटिसकेको छ । यस्तो हुनुको प्रमुख कारण कम गुणस्तरता र अत्याधिक चर्को मूल्य हो । सुपरमार्केटहरूमा लुगा छोइनसक्नु छ । व्यापारीको नियत नै ठग्ने भयो । जसरी हुन्छ ठग्ने अनि आफू मोटाउने ।

व्यापारीमा इमान्दारिता, जवाफदेहिता र नैतिकता हुनुपर्छ । तर, यहाँ त व्यापारको नाममा ठगी मौलाएको छ । भन्ने बेला व्यापारी, गर्नेचाहिँ ठगी । व्यापारीलाई सर्वसाधारणलाई मुर्गा बनाएर आफू कमाउनु छ । अनि त्यो लुटको धन्दा कतिञ्जेल चल्छ ? लुटको अनुहार कहिले न कहिले त बाहिर आइहाल्छ । व्यापारीहरूले यत्रो वर्ष ठगे, अहिले उनीहरूको सत्यता बाहिर आएको छ । जसको असर व्यापारीहरूले अहिले भोगिरहेका छन् । व्यापार सुकेपछि व्यापारीहरू सटर छोड्ने निर्णयमा पुगेका छन् । दसैंसम्म हेर्ने, त्यसपछि पनि व्यापार फस्टाएन भने सटर छोड्ने मनशायमा उनीहरू पुगेका छन् । व्यापारीहरू बरु व्यापार छोड्न तयार भए तर कम नाफा खाएर सामान बेच्न उनीहरू तयार छैनन् । एउटै सामानबाट उनीहरूलाई दशौं सामानको पैसा उठाउनु छ । त्यसैले त व्यापार खस्किँदै गयो । सर्वसाधारणको नजरमा व्यापारीहरू ठग बन्दै गए । बजार अनुगमनका लागि थुप्रै निकाय छन् ।

तर, कसैले पनि बजार अनुगमन गर्दैनन् । कुन सामानको रेट कति ? मूल्य पनि निर्धारण गर्दैन । खुल्ला अर्थतन्त्र भनेर छाडा छोडिदिएको अवस्था छ । एउटा रोचक कुरा छ, नेपाल उद्योग व्यवसायी महासंघ संस्था ऐन २०१८ अन्तर्गत दर्ता भएको छ । त्यसको छाता संगठनहरू संस्था ऐन २०३४ अन्तर्गत दर्ता भएको छ । यो ऐनमा दर्ता भएका उद्योगले कर तिर्नुपर्दैन । यहाँ उद्योग, कलकारखाना छैन तर आफूलाई उद्योग व्यवसायी भन्दै हिँडेका छन् । उद्योग व्यवसायीमा वास्तवमै कति उद्योग छ ? विवरण सार्वजनिक गर्नुपर्‍यो । किन कि सुनदेखि नुन, जनैदेखि गुन्द्रुकसम्म विदेशबाट आयात हुन्छ ।

**- किशोर पाण्डे, सानेपा**



**फोहोर व्यवस्थापनमा लापरबाही**

अछाम जिल्लाको मंगलसेन नगरपालिकाले सदरमुकाम मंगलसेनबजार क्षेत्रभित्रको फोहोर संकलन गरेर नजिकैको पालेवन सामुदायिक वनमा थुपारेको छ । बस्ती नजिकै व्यवस्थितरूपले फोहोर विसर्जन नहुँदा दुर्गन्धको कारण समस्या परेको स्थानीय बताउँछन् ।

*तस्विर: सुशील भण्डारी/रासस*

# फोहोरजन्य वस्तु बिक्री गरी १५ लाखभन्दा बढी आम्दानी

तनहुँ- यहाँको व्यास नगरपालिकाले नकुहिने फोहोर बिक्री गरी ११ महिनामा १५ लाख ३२ हजार रूपैयाँ आम्दानी गरेको छ । नगरपालिकाले गत भदौदेखि फोहोर संकलन गरी व्यवस्थित गर्न थालेको थियो ।

पहिलो चरणमा नकुहिने फोहोरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्मरूपमा वर्गीकरण गरी बिक्री गर्न थालेको नगरपालिकाले जानकारी दिएको छ । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालिएको नगरपालिकाको वन, वातावरण तथा सरसफाइ शाखाले जानकारी दिएको छ ।

ट्रकलाई 'ट्रिप' पुगेपछि बिक्रीका लागि पठाउने गरिएको प्रमुख प्रशासकीय अधिकृत काशिराम गैरेले बताए । उनले भने, 'व्यास नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने प्लास्टिकजन्य, फलामजन्य र कागजजन्यलाई ठूलो आकारबाट दाबेर सानो आकारमा परिणत गरी भण्डारण गर्ने गरिएको छ ।'

उनका अनुसार रेडबुललगायत आल्मुनियम प्रतिकेजी ६० रूपैयाँ,



फलाम प्रतिकेजी ३५ रूपैयाँ, टिन २५ रूपैयाँ, पानीको बोतल तथा अन्य बोतल २३ रूपैयाँ, कपडा पाँच रूपैयाँ ५० पैसा, कपी १६ रूपैयाँ र किताब १४ रूपैयाँ दररेट कायम गरिएको छ ।

नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनार स्थित भतेरीमा नकुहिने फोहोर व्यवस्थापन गर्दै आएको थियो । त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहोर व्यवस्थापन गर्न लागिएको हो ।

'नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टनको हाराहारीमा कुहिने फोहोर संकलन हुँदै आएको छ,' उनले भने, 'पछिल्लो समय कबाडीको महत्त्व बुझ्न थालेपछि अन्य मानिसले पनि संकलन गरी बिक्री गर्न थालेका छन् ।'

कुहिने फोहोरलाई नगरले व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गर्दै आएको छ । नकुहिने फोहोरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएकामा त्यहाँ पनि स्थानीयले विरोध गरेकाले जग्गा खरिद प्रक्रिया हाललाई रोकिएको छ । नगरपालिकाले सरसफाइ क्षेत्रमा लाखौं खर्च गर्दै आएकामा अब फोहोरबाट आम्दानी गर्न थालेको व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताए । *रासस*

# फलामखानी उत्खनन गर्न महाशिलावासीको माग


**पर्वत–** यहाँको महाशिला गाउँपालिका-६ मा रहेको सम्भावित फलामखानी उत्खनन गर्न स्थानीयवासीले माग गरेका छन् । विगत चार वर्षअघि खानी तथा भूगर्भ विभाग लैनचौर काठमाडौंको टोलीले खानीको उत्खनन गर्न प्रक्रिया सुरु गरेको भए पनि अध्ययन, अनुसन्धानमात्र गरेर फर्किएको थियो ।

भूगर्भविद्हरूले इआरटी (इलेक्ट्रिकल रेसिस्टीभिटी टेक्नोलोजी)का माध्यमबाट अध्ययन गर्दा प्रशस्त फलाम रहेको प्रमाण भेटिएको जनाइएको थियो । कुनै ठाउँमा सतहमा फलाम भेटिएको थियो भने कुनै स्थानमा जमिनमुनि भएको पाइएको बताइएको छ ।

फलामखानीमा दुई किलोमिटर लम्बाइमा खानी फैलिएको अनुमान छ । तर स्थानीयले पटक-पटक फलामखानीको उत्खनन माग गर्दा पनि कतैबाट तदारुकता नदेखाएपछि निरास बनेका छन् । कहिले केन्द्र सरकार त कहिले प्रदेश सरकारसँग उत्खननको माग गरे पनि नीति तथा कार्यक्रममा चर्चा हुने तर बजेट विनियोजन नहुने समस्या भएको महाशिला-६ का वडाध्यक्ष गोविन्दबहादुर विकले बताए ।

धुवाँकोटे फलामले चिनिएको खानी सञ्चालनका लागि खानी तथा भूगर्भ विभाग र लुम्बिनीस्थित नेपाल पर्वत खनिज उद्योगबीच २०६७ पुस ८ गते सम्झौता पनि भएको थियो । तर उक्त कम्पनीले लामो समय चासो नदेखाएपछि विभाग आएर अध्ययन गरे पनि अन्य प्रक्रिया भने सुरु नभएको उनले जानकारी दिए ।

उक्त फलामखानी सदरमुकाम कुश्मा बजारबाट झण्डै ३५ किलोमिटरको दूरीमा रहेको छ । महाशिला वडा नं ५ लुंखुदेउराली र वडा नं ६ फलामखानी क्षेत्रमा फैलिएको



यो खानीको विस्तृत सर्वेक्षण गरी उत्खनन गर्न लामो समयदेखि स्थानीयवासीले माग गर्दै आएका छन् ।

स्थानीयले उत्खनन गरेको फलामका सामग्री २०४० सालसम्म पनि किन्न र देख्न पाइने यहाँका बूढापाकाहरू बताउँछन् । यहाँको फलाम अन्यत्रजस्तो प्रशोधन गर्नुपर्ने नभएको उनीहरूको भनाइ छ । खानीबाट निकालेको फलाम सीधै तताएर आवश्यक सामग्री बनाउन सकिने खालको भए पनि पछि कोइला अभावमा उत्खनन् गर्न छाडेको स्थानीय प्रेमबहादुर सुनारले जानकारी दिए ।

उनका अनुसार तत्कालीन समयमा यहाँको फलामबाट बनेका घरेलु हतियार बागलुङ, पाल्पा, स्याङ्जाका विभिन्न गाउँमा बिक्री हुन्थ्यो । आधुनिक मेसिन र सडकको यात्रा नहुने भएकाले पर्वत आसपासका खोलामा निर्माण भएका पुलमासमेत यहीँको फलामबाट बनेका लट्ठाको प्रयोग गरिएको थियो । मोदीवेणी र जैमिनीघाटका पुलमा अझै पनि फलामखानीको फलामले बनेका लट्ठाका पुल देख्न सकिन्छ ।

गाउँभरि सम्भावित फलामको खानी भएकाले नै उतिबेला यो गाउँको नामै फलामखानी राखिएको वडाध्यक्ष विकले बताए । फलामखानीमा बसोबास गर्ने विक र दर्जी परिवारबाट कम्तीमा एक जना उतिबेला फलामको खानीमै बास बस्ने गरेको वडाध्यक्ष विकको भनाइ छ । यहाँको फलामखानी उत्खनन् हुने हो भने मुलुककै आर्थिक अवस्था सुधारमा फाइदा पुग्नुका साथै सयौं युवायुवतीले रोजगारीको अवसर पाउने उनी बताउँछन् ।

घरदैलोमा भएको फलामको खानी उत्खनन गर्न नसकेर आयातीत फलाम प्रयोग गर्नुपरेको स्थानीय बलबहादुर क्षेत्रीले बताए । तत्कालीन जिल्ला विकास समितिको पहलमा २०६० को दशकमा सरकार र विभिन्न खानी तथा भूगर्भशास्त्रीहरूसँग यहाँको खानी उत्खनन गर्न विभिन्न प्रयास गरेको भए पनि सम्भव नभएको उनको भनाइ छ ।

यसैबीच बन्द अवस्थामा रहेको उक्त फलामखानी सञ्चालन गर्ने प्रक्रिया अघि बढाउन प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा गत शुक्रबार आयोजित मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता कार्यक्रममा विभागीय मन्त्री तथा सचिवलाई फलामखानी तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिएका हुन् ।

नयाँ र युगान्तकारी काम गर्न सबै मन्त्री तथा सचिवलाई निर्देशन दिँदै धौवादीभन्दा पनि राम्रो फलाम पर्वतको फलामखानीमा हुनसक्ने भन्दै त्यसलाई तत्काल सञ्चालनमा ल्याउनका लागि अध्ययन अनुसन्धान थालिहाल्न निर्देशन दिएका हुन् । उनले विशेषगरी उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेलाई अध्ययन, अनुसन्धान गर्न लगाइहाल्न निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री ओलीले भने, 'पर्वत तथा कास्कीका विभिन्न खोलामा अहिले पनि साविक फलामखानी गाविसको मैमडाँडाको फलामले बनेका पुलहरू रहेका छन् । विशेषगरी पोखराको भिमादमा अहिले पनि सांलवाला पुल झुण्डिइरहेको छ । त्यहीँका लोहारहरूको मिहेनतले बनाएको पुल अझै झुण्डिएको छ ।'

प्रधानमन्त्री ओलीले पर्वतको फलामखानीलाई धौवादीको फलामसँग मिलाएर उन्नत खालको फलाम उत्पादन गर्न सकिने बताए । उनले मुलुकको आर्थिक समृद्धि, रोजगार सिर्जना र आयातीत फलामलाई विस्थापित गर्नका लागि यस्ता खालका उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् । *रासस*

# 'स्वच्छ वातावरणले मात्र जीवन स्वस्थ हुन्छ'

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले स्वस्थ मानव जीवनका लागि वातावरण स्वच्छ राख्नुपर्ने बताएका छन् ।

आज भदौ ४ गतेको कर्णाली प्रदेश स्थापना तथा सहिद दिवसको अवसर पारेर सुर्खेत उद्योग वाणिज्य संघले मंगलबार वीरेन्द्रनगरमा आयोजना गरेको 'बृहत् सरसफाइ कार्यक्रम'मा उनले वातावरणीय सरसफाइले सभ्य र समुन्नत समाज निर्माणमा सहयोग पुग्ने बताए । यसमा सबै सरोकारवालाले आफ्नो अधिकारका मात्र कुरा नगरी कर्तव्य एवं दायित्व पूरा गर्नुपर्नेमा उनले जोड दिए ।

'आफ्नो घर अगाडिको आँगन सफा राख्नुस्, बाहिरबाट आउने पाहुनालाई समेत यसले खुसी बनाउँछ,' उनले भने, 'सरसफाइले स्वस्थ जीवन त हुन्छ नै, त्यसले सभ्य र सचेत नागरिकको पहिचान पनि दिन्छ र बाह्य पाहुनालाई पनि आकर्षण गर्छ ।' सकेसम्म फोहोरलाई मोहरमा बदल्नेगरी सिर्जनशील कार्य गर्न उद्योगी एवं व्यापार व्यवसायीलाई अनुरोध गर्दै मुख्यमन्त्री कँडेलले प्रकृतिमैत्री क्रियाकलापबाट मानव स्वास्थ्य स्वस्थ र स्वच्छ राख्ने बताए ।

उनले भदौ ४ गतेको दिनलाई मंगलबारदेखि सरसफाइ, सचेतना तथा व्यवस्था ल्याउन योगदान पुर्‍याउने सपूतहरूको सम्मान र उनीहरूले देखेको सपना पूरा गर्ने कार्यक्रम तीन दिनसम्म उत्सवका रूपमा मनाउन प्रदेशवासीलाई अपिल गरे । कार्यक्रममा सुरक्षा निकायका प्रमुख, वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनाल, उद्योग वाणिज्य संघ सुर्खेतका अध्यक्षमा हर्षविक्रम खड्कालगायत सरोकारवालाको सहभागिता थियो ।


**कतारमा रोजगार** कम्पनी : AL MASIYA FOR HOSPITALITY & CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 304925 | चलानी नं. ६०२४३४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 3 | 1200 | ४६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 4 | 1500 | ५७,५३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ११ गते (27th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SARA KHASA HUMAN RESOURCE PVT.LTD.
Old Baneshwor, Kathmandu, Nepal, Phone No. +9771-4574798, 9808338626, 9851119676
E-mail: sarakhasahr1453@gmail.com Website : www.sarakhasahr.org.np.com
श्रम ईजाजत नं. १४५३/०७४/७५

**साउदीमा रोजगार** कम्पनी : MULTIPURPOSE COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०५/०३ | LT. No. 329539 | चलानी नं. ६०२४३३५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३७,२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ११ देखि १७ गतेसम्म (27th to 2nd Aug.Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YATRA H.R. SOLUTION PVT. LTD.
Govt.Lic. No 1096/073/74
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com


# वीरगञ्ज कारागार भवन जीर्ण, थुनुवा खचाखच

**पर्सा (प्रस)–** वीरगञ्ज कारागारको भौतिक संरचना जीर्ण र कैदी तथा थुनुवाको संख्या खचाखच हुँदा व्यवस्थापनमा चुनौती थपिएको छ । यहाँको कारागारको क्षमता एक हजार कैदी राख्ने भएता पनि अहिले यहाँ कैदी र थुनुवा गरेर एक हजार ३१० जनाभन्दा बढी रहेका छन् ।

जिल्ला कारागार पर्साका प्रमुख खिमराज भुसालका अनुसार कारागारको क्षमताभन्दा धेरै कैदी र थुनुवा हुँदा व्यवस्थापनमा समस्या भएको छ । विसं २०२९ देखि वीरगञ्ज कारागार सञ्चालन हुँदै आएको रेकर्ड भेट्टिन्छ । पुरानो खालको संरचना तथा धेरै कैदी र थुनुवाको व्यवस्थापन गर्नुपर्ने बाध्यता रहँदै आएको छ । खुला ठाउँमा कारागार भएको भए व्यवस्थापनमा पनि धेरै सहज हुने थियो कि । तोकिएको क्षमताअनुसार कैदी र थुनुवा हुँदा व्यवस्थापनमा सहज हुने थियो ।

जिल्ला प्रशासन कार्यालय र कारागार व्यवस्थापनले वीरगञ्जको चिनी मिल क्षेत्रमा कारागारका लागि १८ बिघा क्षेत्रफलमा सार्ने योजना गरे पनि अहिलेसम्म मूर्तरूप लिनसकेको छैन । वीरगञ्ज कारागारमा स्वदेशी र विदेशी गरेर थुनुवा र कैदी गरेर एक हजार ३१० जना रहेका छन् । यसमा स्वदेशी महिला कैदी पाँच, महिला थुनुवा ४२ र छ वर्षमुनिका दुई जना आश्रित बालिका छन् । त्यस्तै स्वदेशी पुरुष कैदी र थुनुवाको संख्या भने एक हजार ४६ जना रहेका छन् । त्यस्तै विदेशी थुनुवा र कैदीतर्फ १९९ छन् भने विदेशी महिला थुनुवा र कैदी १६ जना रहेका छन् ।

वीरगञ्ज कारागारमा विशेषगरी पर्सा र बारा जिल्लामा अपराध गरेर अदालतबाट दोषी ठहर भएका र अदालतबाट पुर्पक्ष थुनुवामा पठाएकालाई कैदी र थुनुवा राख्ने गरिन्छ । वीरगञ्ज कारागारमा कैदी ३२९ जना रहेका छन् भने थुनुवा ९७९ जना छन् ।

कारागार प्रमुख भुसालले कारागारमा रहेका कैदी तथा थुनुवामा कहिलेकाहीँ मौसमी प्रकृतिका बिरामी देखापर्ने बताए । 'यहाँका थुनुवा तथा कैदीबन्दीमा प्रायःजसो मौसमी प्रकृतिका बिरामी देखा पर्छन्,' उनले भने, 'सामान्य खालका उपचार यहाँ कार्यरत स्वास्थ्य सहायकले गर्नुहुन्छ भने अन्य बिरामीलाई भने नारायणी अस्पतालमा उपचारका लागि पठाइन्छ ।' कारागार परिसरमा करिब ४७ शौचालय रहेका छन् भने थुनुवा र कैदीले आलोपालो शौच गर्नुपर्ने बाध्यता छ ।

नेपाल सरकार
शहरी बिकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)**
जाजरकोट

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०५/०४ (Aug. 20, 2025)

यस आयोजना कार्यान्वयन इकाईबाट तपशिलमा उल्लेखित निर्माण कार्यको मिति २०८२/०२/०१ गतेको हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम म्यादभित्र रितपुर्बक e-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको यो सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| सि. नं. | खरिद नं. | कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | PIU/JAJARKOT/NCB/WORKS/18-081/082 | Reconstruction of Agricultural Development Office Building, Jajarkot | M.P. Construction Company P. Ltd. / National Multi Builders , J.V., Nepaljung-18, Banke | ३,२९,६८,८६६.७ |
| २ | PIU/JAJARKOT/NCB/WORKS/19-081/082 | Reconstruction of District Post (Hulak) Office Building, Jajarkot | Seti nirman sewa/Bhuwan Nirman Sewa J.V, Dhangadhi, Kailali | २,४०,३४,०३२.४१ |

**आयोजना प्रमुख**

प्रभाव दैनिक




## 'मैभ्कारो'मा दयाहाङको इन्ट्री

फिल्म 'मैभ्कारो'को सुटिङ सेटबाट अभिनेता दयाहाङ राईको लुक्स सार्वजनिक गरिएको छ । फिल्मको छायांकन अन्तिम चरणमा पुगेको बेला उनी लिम्बू समुदायको भेषमा एक हातले तिर हान्दै गरेको लुक्स सार्वजनिक गरिएको हो । निर्माण पक्षले उनको भूमिका बारे केहि खुलाएका छैनन् । यसअघि यो फिल्ममा उनी हुने नहुने बारेमा निर्माण पक्षले केहि खुलाएका थिएनन् । अन्ततः उनी यो फिल्ममा अनुबन्ध भएको बुझिन्छ । फिल्मका निर्देशक विल्सन बिक्रम राईले दर्शकलाई सरप्राइज दिएका छन् ।



बुधबार, ०४ भदौ २०८२ (Wednesday, 20 August 2025)

# 'जनै हराएको मान्छे...' लाई युनिभर्सल सर्टिफिकेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौ ६ गते रिलिज हुने चलचित्र 'जनै हराएको मान्छे :सम्बन्धका धागाहरू' ले सेन्सर बोर्डबाट 'यू सर्टिफिकेट' मिलेको छ । सेन्सर बोर्डले सबै वर्गका दर्शकले हेर्न मिल्ने गरि युनिभर्सल सर्टिफिकेट दिएको हो ।

केन्द्रीय चलचित्र जाँच समितिबाट युनिभर्सल सर्टिफिकेट प्राप्त गरेको यो सिनेमाको रनटाइम २ घण्टा २३ मिनेट तय छ ।

यस चलचित्रको कथा कस्तो होला भन्ने कौतुहलता दर्शकमा मात्रै होइन नेपाली सिने वृत्तमा पनि छ । सिनेमामा कलाकारहरू विजय बराल, केकी अधिकारी, मिरुना मगर, शुशांक मैनालीलगात छन् ।

मुख्य भूमिकामा विजय छन् । साथीको भूमिकामा शुशांक छन् । सम्भवत जनै यी दुई कलाकारसँग जोडिएर आउँछ । तर, सिनेमाको नामसँग जोडिएको जनैसँग चाहिँ विजय जोडिन्छन् कि शुशांक हालसम्म निर्माणपक्षले केही उल्लेख गरेको छैन ।

चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' भदौ ६ गते रिलिज हुँदै छ । 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'मा बलियो लाइनअप रहेको छ ।

चलचित्रमा विजय बराल, भोलाराज सापकोटा, केकी अधिकारी, अभिनेत्री मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, रियर राई, भावना खपांगी मगर, रूपेश लामा, सुमन थापालागायतको अभिनय रहेको छ ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्माताामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् ।

थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ ।




चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन् । दिनेशबहादुर राउत मुख्य सहायक निर्देशक रहेको सिनेमामा तर्कराज न्यौपाने, रवीन्द्र नेपाल, मोनिका थापा र आकाश के.सी सहायक निर्देशक रहेका छन् । चलचित्रका निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् ।

गोविन्द शाहीको काफिया फिल्मसले वितरणको जिम्मा लिएको छ । अलटाइम ब्लकबस्टर चलचित्र 'पूर्णबहादुरको सारंगी'पछि विजय बरालको मुख्य भूमिकामा आउन लागेको यस वर्षको यो पहिलो चलचित्र हो ।

# बल्छी धुर्वेको 'गोबर गणेश' छायांकनमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गोबर गणेश'को शुभमुहूर्त गरिएको छ । काठमाडौंको म्हेपी मन्दिर परिसरमा मंगलबार चलचित्रको शुभमुहूर्त गरिएको हो ।

शुभमुहूर्तमा निर्देशक मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)सहित चलचित्रका अधिकांश कलाकारको उपस्थिति रहेको थियो । क्यामेरा पूजा गर्दै चलचित्रको सट लिएर शुभमुहूर्तमा केदार घिमिरे 'माग्ने बुढा'ले नरिवल फोडेर र कलाकार रवि गिरीले क्ल्याप हानेर गरिएको हो । चलचित्रको छायांकन पनि मंगलबारनै सुरु भएको छ । काठमाडौंबाट सुरु भएको चलचित्रको छयांकन पोखरालगायतका स्थानमा हुनेछ । करिब ३५ दिनको छायांकन सेड्युल रहेको निर्देशक श्रेष्ठले जानकारी दिए ।

'आजबाट हामीले चलचित्रको छायांकन सुरु गरेका छौं । हाम्रो कला र शिपले भ्याए र जानेसम्म राम्रो काम गर्ने प्रयास गर्नेछौं,' निर्देशक श्रेष्ठले भने, 'हामीलाई सानो पर्दामा जसरी दर्शकले साथ र माया दिनुभयो, त्यस्तै माया र साथ ठूलो पर्दाका दर्शकले पनि गरिदिनु हुनेछ भन्ने हाम्रो विश्वास छ ।'

मरिचमान श्रेष्ठले निर्देशन गर्ने 'गोबर गणेश' माघ १ गते रिलिज हुनेछ । उनको यो पहिलो फिचर फिल्म निर्देशन हो । 'मेरी बास्सै'बाट दर्शकमाझ लोकप्रिय बनेका उनी त्यसपछि आफैँ टेलिचलचित्र निर्देशनमा आएका थिए । उनका टेलिचलचित्र 'हल्का रमाइलो' र 'जुठे' दर्शकमाझ लोकप्रिय छन् ।

बल्छी धुर्वे फिल्मस्को प्रस्तुतिमा निर्माण हुन लागेको यो चलचित्रको अभिनेत्रीमा वर्षा सिवाकोटी छिन् । यस्तै अन्य कलाकारमा मरिचमान श्रेष्ठ, विनोद न्यौपाने, पदम तामाङ, विल्सन विक्रम राई, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, राजु याक्छा, रामप्रसाद खनाल, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना र पुजन घिमिरे (पुकु)लगायत छन् ।

टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ । नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ ।

## रंगशाला

### टप इन्ड टी-२० सिरिज

# नन्दनले पाँच विकेट लिएसँगै नेपालको पहिलो जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियामा जारी टप एन्ड ट्वान्टी-२० शृंखलामा नेपालले पहिलो जित निकालेको छ । आफ्नो चौथो खेलमा नेपालले होबार्ट हरिकेन्स एकेडेमीलाई ६६ रनले हराएको हो ।

अस्ट्रेलियाको काजालिस एरिना पामर्स्टनमा रंगशालामा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउदै १८० रनको योगफल बनाएको थियो । जितका लागि १८१ रनको लक्ष्य पछ्याएको होबार्ट हरिकेन्सले १६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ११४ रन मात्र बनायो । नेपाललाई विजयी दिलाउने क्रममा नन्दन यादव एक्लैले पाँच विकेट लिए । यस्तै कप्तान रोहितकुमार पौडेल, सन्दीप लामिछाने, कुशल भुर्तेल र रिजन ढकालले एक एक विकेट लिए ।

होबार्ट हरिकेन्सका लागि ब्याटिङ गर्ने क्रममा ब्राड्ली होपले ३१ तथा चार्ली वाकिमले २८ रन बनाए ।

यसअघि होबार्ट हरिकेन्सविरुद्ध १८० रन बनाउने क्रममा नेपालका लागि आरिफ शेखले सर्वाधिक ३३ रनको योगदान दिए । उनले २६ बलमा तीन चौका प्रहार गरे । त्यसैगरी आसिफ शेखले २८ बलमा दुई चौका प्रहार गर्दै २९ रन जोडे । लोकेश बमले अविजित २५ रन, कुशल भुर्तेलले २७, भीम सार्कीले १८ तथा कप्तान रोहितकुमार पौडेलले ९ रन जोडे ।

बलिङतर्फ होबर्टका निवेथन राधाकृष्णन र राफ म्याकमिलनले दुई/दुई तथा मार्कस बेन, गाबे बेल र ब्राडली होपले एक एक विकेट लिए । नेपाल यसअघि खेलेका तीनवटै खेलमा पराजित भएको थियो । नेपाल नर्दर्न टेरिटोरी स्ट्राइकरसँग ४२ रन, बंगलादेश 'ए'सँग ३२ तथा मलेबर्न स्टार्स एकेडेमीसँग ३१ रनले पराजित भएको थियो ।

नेपालले अब बुधबार मेलवर्न रेनेगेड्ससँग तथा शुक्रबार पाकिस्तान शाहिन्ससित खेल्ने छ ।

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झापा, कोशी प्रदेश, नेपाल

गाउँपालिकाद्वारा गाउँबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश


स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरू
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।





भारतको मुम्बईमा भारी वर्षाको समयमा बाढीले भरिएको सडकमा गुडिरहेका सवारी साधन । *तस्विरः एएफपी*

# जेनेभालाई पुटिन-जेलेन्स्की शिखर सम्मेलन आयोजना गर्न म्याक्रोनको सुझाव

**पेरिस–** फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले जेनेभाले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीबीचको शान्ति शिखर सम्मेलन आयोजना गर्नसक्ने सुझाव दिएका छन् ।

सोमबार ह्वाइट हाउसमा युक्रेनी राष्ट्रपतिसँग भएको उच्चस्तरीय बैठकपछि म्याक्रोनले जेलेन्स्की-पुटिन शिखर सम्मेलन युरोपमै हुने जानकारी दिएका छन् । फ्रान्सेली समाचार च्यानल 'एलसिआई' मा मंगलबार प्रसारित अन्तर्वार्तामा म्याक्रोनले भने, 'यो कुनै तटस्थ देशद्वारा आयोजना हुने छ, सायद स्विट्जरल्याण्ड (म जेनेभाका लागि दबाब दिइरहेको छु) वा अर्को देश ।'



'पछिल्लोपटक द्विपक्षीय वार्ता इस्तानबुलमा भएका थिए,' उनले मे र जुलाईमा टर्कीमा रुस र युक्रेनबीच भएको तीन चरणको तल्लोस्तरीय वार्तालाई स्मरण गर्दै भने । म्याक्रोनका अनुसार फ्रान्स र बेलायतले मंगलबार अन्य युक्रेनी सहयोगीहरूसँग वासिङ्टनमा बैठक गर्ने छन् । बैठकको उद्देश्य युक्रेनका लागि सुरक्षा ग्यारेण्टीबारे अद्यावधिक रहनु हो । यो विषय ट्रम्पसँगको भेटघाटको मुख्य एजेण्डा हो ।

'त्यसपछि हामी अमेरिकीहरूसँग ठोस काम सुरु गर्नेछौं । भोलिसम्म हाम्रा कूटनीतिक सल्लाहकारहरू, मन्त्रीहरू र कर्मचारी प्रमुखहरूले के गर्न तयार छन् भनेर काम सुरु गर्नेछन्,' म्याक्रोनले भने । जेलेन्स्कीले रुसलाई क्षेत्र छोड्न बाध्य पार्नेबारे उठेको प्रश्नमा म्याक्रोनले भने, 'यो युक्रेनमा निर्भर छ । युक्रेनले आफूले उचित र सही ठानेका सम्झौता गर्ने छ ।'

तर उनले भने, 'हामी कानुनी मान्यताको विषयमा धेरै सावधान हुनुपर्छ । यदि देशहरूले 'हामी बलपूर्वक क्षेत्र लिन सक्छौं' भन्न थाल्छन् भने त्यसले प्याण्डोराको बक्स खोलिदिन्छ ।' *रासस⁄एएफपी*

# युद्ध अन्त्यका लागि पुटिनसँग प्रत्यक्ष भेट्न जेलेन्स्की तयार

**वासिङ्टन–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युद्ध अन्त्य गर्न आफ्ना रूसी समकक्षी भ्लादिमिर पुटिनसँग प्रत्यक्ष भेट गर्न इच्छुक रहेको बताएका छन् । ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र धेरै युरोपेली नेताहरूसँगको वार्तापछि पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले करिब साढे तीन वर्षअघि मस्कोको आक्रमणपछि पहिलोपटक पुटिनसँग आमनेसामने हुन तयार रहेको बताए ।

'मैले पुष्टि गरें र सबै युरोपेली नेताहरूले मलाई समर्थन गरे हामी पुटिनसँग द्विपक्षीय बैठकका लागि तयार छौं,' शिखर सम्मेलनपछि जेलेन्स्कीले भने । रुसले लगातार प्रगति गरिरहेकाले जेलेन्स्की अहिले युद्ध अन्त्यका लागि क्षेत्र हस्तान्तरण गर्न दबाबमा छन् । ह्वाइट हाउसको बैठकअघि ट्रम्पले युक्रेनलाई क्रिमिया त्याग्न र नाटोमा सामेल हुने आफ्नो लक्ष्य छोड्न दबाब दिएका छन् । यी दुवै पुटिनका प्रमुख माग हुन् ।

तर जेलेन्स्कीले ट्रम्पलाई युद्धको अवस्थाबारे स्पष्ट चित्र प्रस्तुत गर्न सक्षम भएका थिए । उनले ओभल अफिसमा ट्रम्पसँग एक्लै भेट गरेका थिए । 'यो हाम्रो बैठकहरूमध्ये सबैभन्दा राम्रो थियो,' जेलेन्स्कीले आफ्नो कार्यालयले जारी गरेको विज्ञप्तिमा भने, 'मैले नक्सामासमेत सबै अमेरिकी सहकर्मीहरूलाई युद्धको मैदानको अवस्थाबारे धेरै कुरा देखाउन सकें ।'

युक्रेनलाई क्षेत्रीय छुट दिनुभन्दा बरु शिखर सम्मेलन सुरक्षा ग्यारेन्टीको व्यवस्थामा केन्द्रित भएको फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले पत्रकारलाई जानकारी दिए । ट्रम्पले पनि 'संयुक्त राज्य अमेरिकासँगको समन्वयमा विभिन्न युरोपेली देशहरूले ग्यारेन्टी प्रदान गर्ने' बताएका थिए ।

जेलेन्स्कीले भने, 'संयुक्त राज्य अमेरिका युक्रेनका लागि सुरक्षा ग्यारेन्टीमा सहयोग गर्ने, समन्वय गर्ने र सहभागी हुने देशहरूमध्ये एक होस् भन्ने स्पष्ट संकेत दिन्छ भन्ने महत्त्वपूर्ण छ ।' उनका अनुसार ती योजनाहरू अर्को हप्ता वा १० दिनभित्र कुनै न कुनै रूपमा औपचारिक हुने छन् । *रासस⁄एएफपी*

# चीन–भारत सम्बन्ध 'सकारात्मक प्रवृत्ति' मा रहेको वाङ यीको भनाइ

**बेइजिङ–** चीन र भारतबीचको सम्बन्ध सहयोगको दिशामा 'सकारात्मक प्रवृत्ति' मा रहेको चिनियाँ विदेशमन्त्री वाङ यीले नयाँदिल्लीमा आफ्ना भारतीय समकक्षीसँगको भेटपछि मंगलबार प्रकाशित विवरणअनुसार बताएका छन् ।

विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका राष्ट्रहरू दक्षिण एसियाभरि प्रभावका लागि प्रतिस्पर्धा गर्ने तीव्र प्रतिद्वन्द्वी हुन् र सन् २०२० मा उनीहरूबीच घातक सीमा द्वन्द्व भएको थियो । भारत संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया र जापानसँगको क्वाड सुरक्षा गठबन्धनको सदस्य हो । क्वाडलाई चीनले आफ्नो प्रतिरोधका रूपमा हेर्दै आएको छ ।

तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर युद्धले निम्त्याएको विश्वव्यापी व्यापार र भूराजनीतिक उथलपुथलबीच यी दुई देश सम्बन्ध सुधारतर्फ अघि बढिरहेका छन् । सोमबार भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरसँगको वार्तामा वाङले दुई देशले एकअर्कालाई विरोधी वा खतराको सट्टा साझेदार र अवसरका रूपमा हेर्नुपर्ने बताए ।

द्विपक्षीय सम्बन्ध 'सहयोगको मुख्य मार्गमा फर्कने सकारात्मक प्रवृत्ति' मा रहेको प्रमाणका रूपमा उनले 'सबै तहमा वार्ता पुनः सुरु भएको' र 'सीमा क्षेत्रमा शान्ति तथा स्थिरता कायम भएको' कुरा औंल्याए । वाङ आफ्नो तीन दिने भ्रमणमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई समेत भेट्ने अपेक्षा गरिएको छ । भारतीय मिडियाका अनुसार मोदी यसै महिना चीनको भ्रमण गर्न सक्ने छन् । यो सन् २०१८ पछि उनको पहिलो भ्रमण हुने छ ।

मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले रुसमा पाँच वर्षपछि पहिलोपटक भेट गरेपछि अक्टोबरदेखि सम्बन्धमा सुधार आएको मानिन्छ । चिनियाँ र भारतीय अधिकारीहरूले हालैका हप्ताहरूमा दुई देशले सन् २०२० देखि रोकिएको सीमा व्यापार पुनः सुरु गर्नेबारे छलफल गरिरहेको बताएका छन् । यसको पुनः प्रारम्भ प्रतीकात्मक रूपमा महत्त्वपूर्ण हुने बताइन्छ र यसपछि प्रत्यक्ष उडानहरू पुनः सुरु गर्ने तथा पर्यटक भिसा जारी गर्नेबारे पनि छलफल हुने अपेक्षा गरिएको छ । *रासस⁄एएफपी*

# इटालीको भेन्टिना हिमनदी तीव्ररूपमा पग्लिँदै

## अब टाढाबाट मात्र निगरानी सम्भव

**रोम–** इटालीको भेन्टिना हिमनदी जलवायु परिवर्तनका कारण यति धेरै पग्लिएको छ कि भूगर्भविद्हरूले अब विगत १३० वर्षजस्तै प्रत्यक्षरूपमा मापन गर्न सक्दैनन् । भेन्टिना हिमनदी उत्तरी लोम्बार्डीको सबैभन्दा ठूलो हिमनदीमध्ये एक हो ।




यस वर्षको तातो गर्मीपछि भूगर्भविद्हरूले हरेक वर्ष हिमनदीको फिर्ता मापन गर्न प्रयोग हुने आधारबिन्दु (स्टयाक) अब चट्टान र भग्नावशेषमुनि गाडिएको पत्ता लगाएका छन् । यसले भविष्यमा प्रत्यक्ष भ्रमणलाई जोखिमपूर्ण बनाएको छ । लोम्बार्डी ग्लेसियोलोजिकल सर्भिसले सोमबार अब हिमनदीको संकुचन ट्र्याक गर्न ड्रोन इमेजरी र रिमोट सेन्सिङ प्रयोग गरिने बताएको छ ।

भूगर्भविद्हरूका अनुसार सन् १८९५ मा पहिलो मापन बिन्दु राखिएदेखि भेन्टिना हिमनदीले एक दशमलव सात किलोमिटर (एक माइल) लम्बाइ गुमाइसकेको छ । हालका वर्षमा पग्लने गति झन् बढेको छ, विगत १० वर्षमै ४३१ मिटर (४७१ गज) हराएको छ, जसको आधा सन् २०२१ पछिमात्र भएको हो ।

यो ग्लोबल वार्मिङका कारण युरोपभरका हिमनदीहरू तीव्ररूपमा पग्लिरहेको प्रमाण हो र यसले वातावरणीय र सामाजिक प्रभाव ल्याएको छ ।

'सन् १९८० को दशकसम्म हामी अझै सामान्य चक्र वा सीमित फिर्ताको आशा गर्न सक्थ्यौं, तर पछिल्ला ४० वर्षमा निकै ठूलो परिवर्तन भएको छ,' लोम्बार्डी ग्लेसियोलोजिकल सर्भिसकी सदस्य एण्ड्रिया टोफालेट्टीले भने ।

इटालीका हिमनदीहरू आल्प्स, डोलोमाइट्स र एपेनिन्समा पाइन्छन् । तर जाडोमा पर्याप्त हिमपात नहुनु र गर्मीमा असामान्य तापक्रम बढ्नुका कारण ती वर्षौंदेखि घटिरहेका छन् । सामान्यतया गर्मीमा केही पग्लिएर खोलाहरू र नदीलाई पानी दिन्थे, तर अहिले तातो गर्मीले जाडोको हिउँलाई पनि टिक्न नसक्ने बनाएको छ ।

'हिमनदीलाई स्थिर राख्न जाडोपछि सतहमा बाँकी हिउँ आवश्यक हुन्छ । तर यो अब कम र दुर्लभ हुँदै गएको छ,' टोफालेट्टीले भने । लोम्बार्डी सेवाका अनुसार, आल्प्सलाई जलवायु परिवर्तनको 'हटस्पट' मानिन्छ । यहाँ तापक्रम वृद्धि विश्व औसतको दोब्बर छ र यसको परिणामस्वरूप अल्पाइन हिमनदीहरूको ६४ प्रतिशतभन्दा बढी भाग हराइसकेको छ ।

यसै वर्ष फेब्रुअरीमा जर्नल 'नेचर' ले प्रकाशित गरेको अध्ययनअनुसार, सन् २००० देखि सन् २०११ सम्म विश्वका हिमनदीहरूले हरेक वर्ष करिब दुई खर्ब ५५ अर्ब टन बरफ गुमाएका थिए । तर अर्को दशकमा यो दर बढेर हरेक वर्ष लगभग तीन खर्ब ४६ अर्ब टन पुगेको छ । *रासस⁄एपी*




## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५१०० | प्रति तोला – ० | प्रति तोला – २३०० |

## नेपाली पर्यटनको कथा संसारलाई सुनाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** हिमाल, संस्कृति र प्रकृतिले सम्पन्न देश नेपाललाई विश्वले विभिन्न रूपले चिनेको छ । कहिले सगरमाथा र हिमालमार्फत, कहिले बुद्धमार्फत, कहिले संस्कृतिका विविध रंगहरूमार्फत् त कहिले अनुपम प्रकृतिमार्फत् । अब भने नेपालले सामाजिक सञ्जाल 'टिकटक' को उपयोग गर्दै आफ्नो कथा संसारभर सुनाउने भएको छ । नेपाल पर्यटन बोर्डले नेपालाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले टिकटकसँग साझेदारी गरिएको जनाएको छ । यस साझेदारीले नेपालका प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा, पर्व–उत्सव, खानपान र साहसिक अनुभवलाई विश्वका करोडौं डिजिटल दर्शकमाझ पुऱ्याउने लक्ष्य लिइएको छ ।

राजधानीमा आयोजित साझेदारीपत्र आदानप्रदान कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन बोर्ड र टिकटकबीचको यो सम्झौता केवल प्रचारप्रसारको काम मात्र नभई नेपाललाई नयाँ पुस्तासम्म पुऱ्याउने अभियान भएको बताए । आजका युवाले भ्रमणको निर्णय गर्नुअघि वास्तविक कथा र अनुभव खोज्न चाहने भन्दै उनले टिकटकमार्फत उनीहरूसम्म नेपालका अद्वितीय पर्यटकीय गन्तव्यका कथा सुनाउने र देखाउने अवसरको उपयोग हुने विश्वास व्यक्त गरे ।

मन्त्री पाण्डेले पर्यटनलाई नेपालको समग्र आर्थिक विकासको मेरुदण्डका रूपमा उल्लेख गर्दै यस सहकार्यमार्फत ग्रामीण समुदाय, साना व्यवसायी र स्थानीय पथप्रदर्शकलाई प्रत्यक्ष फाइदा पुग्ने बताए । 'हामीले सधैं नेपाललाई हिमाल र अध्यात्मको देशका रूपमा चिनाइरहेका छौं । हाल समय बदलिएको छ । डिजिटल प्लेटफर्ममा देखिने कथा नै विश्वयात्रुका लागि पहिलो प्रेरणा बन्न थालेका छन् । त्यसैले टिकटकसँगको सहकार्यले नेपाललाई डिजिटल पुस्तासम्म पुऱ्याउने बाटो खोलिदिएको छ ।'

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको सौन्दर्य र आत्माको कथा संसारभर पुऱ्याउन महत्त्वपूर्ण समझदारी भएको उल्लेख गरे । उनले भने, 'हाम्रो लामो प्रयासलाई अब टिकटकको विश्वव्यापी पहुँचले थप बल दिनेछ । यो सहकार्यले केवल बाहिरी पर्यटकलाई आकर्षित गर्ने मात्र नभइ स्वदेशमा रहेका युवालाई पनि आफ्नो संस्कृति, पर्व र अनुभवलाई नयाँ ढंगले अभिव्यक्त गर्ने अवसर दिनेछ ।'

सिईओ जोशीका अनुसार बोर्डले अन्तरराष्ट्रियस्तरका 'ट्राभल कन्टेन्ट क्रिएटर'लाई नेपालमा आमन्त्रित गर्नेछ र उनीहरूलाई हिमाल, ताल, मठ–मन्दिरदेखि 'होमस्टे'सम्म पुऱ्याएर प्रचारप्रसार गरिने योजना सुनाए ।

साझेदारीअन्तर्गत टिकटकले नेपालमै डिजिटल प्लेटफर्ममार्फत कथा सुनाउने विषयमा कार्यशाला गर्नेछ । जसमा नेपाली 'कन्टेन्ट क्रिएटर'लाई दर्शक विस्तार, ब्राण्ड सहकार्य र विश्वस्तरीय प्रस्तुतीकरणबारे तालिम दिइनेछ ।

कार्यक्रममा टिकटकका दक्षिण एसिया सार्वजनिक नीति प्रमुख फर्दोस मत्ताकिनले टिकटकमार्फत् हरेक दिन करोडौं मानिसले नयाँ गन्तव्य र अनुभव खोजी गर्ने भएकाले नेपालको पर्यटन प्रवर्द्धनमा यस सहकार्यले योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । 'टिकटकमा हरेक दिन करोडौं मानिस नयाँ गन्तव्य र अनुभव खोज्छन् । नेपालजस्तो हिमाल, अध्यात्मक, विविध संस्कृतिले भरिपूर्ण देशलाई छोटा भिडियोमार्फत संसारभर पुऱ्याउन पाउनु हाम्रो लागि पनि गर्वको विषय हो । सहकार्यले नेपाललाई विश्वका पर्यटकको 'बकेटलिस्ट' मा थप बलियो गरी स्थापित गर्नेछ', उनले भने ।

नाडा अटो–शो २०२५

## नेपालमै गाडी उत्पादन थाल्न प्रधानमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आयोजना गरेको 'नाडा अटो–शो २०२५' भृकुटीमण्डपमा सुरु भएको छ ।

स्मार्ट फोनको सहयोगमा दीप प्रज्वलन गरी प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदर्शनीको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा बोल्दै प्रधानमन्त्री ओलीले नेपालमा अब गाडी उत्पादन गर्ने बाटो खुलेको बताए । 'अब हामीसँग गुणस्तरीय आइरन एन्ड स्टील हुनेछ । हामीलाई गाडी उत्पादनको बाटो खुल्नेछ,' उनले भने, 'अब हामीले गाडी उत्पादन गरेर विश्वबजारमा बेच्नुपर्छ ।'

प्रधानमन्त्रीले नेपाल आधुनिक युगमा प्रवेश गरिसकेको र अहिले व्यवसायीहरू असन्तुष्ट हुनुपर्ने कुनै कारण नरहेको पनि उल्लेख गरे । 'अहिले व्यवसायी असन्तुष्ट हुनु पर्ने कुनै कारण छैन । कसैले असन्तुष्ट हुने कसम खाएको छ भने के भन्नु,' उनले भने ।

उनले वैज्ञानिक खोज, अध्ययनसँगै नयाँ नयाँ विकास, आविष्कार र प्रगति भएको बताउँदै देशले पनि त्यस प्रकारको विकासको सहज उपभोग गर्ने स्थिति बनाउनुपर्नेमा जोड दिए ।

प्रधानमन्त्रीले नयाँ ढंगले काम गर्ने युवालाई सरकारले हरतरहले साथ दिने बताए । 'हामीले अग्रगमन र आधुनिकीकरणका लागि नीतिगत व्यवस्था र पूर्वाधार विकास गरेका छौं । लगानी र काममा कुनै बाधा छैन । अहिले असन्तुष्ट हुनुपर्ने कुनै कारण छैन ।' प्रधानमन्त्री ओलीले भने, 'उत्तर र दक्षिणतिर नयाँ र पक्की मार्ग बन्दैछन्, अन्तरराष्ट्रिय विमानस्थल थपेका छौं । हरित ऊर्जा, मिथेन ग्यास, धौवादीबाट फलाम उत्पादन गरेर प्रयोग गर्दैछौं । प्रविधिको रूपान्तरण भैसकेको छ । यी सबैको ध्येय विकास र समृद्धि हो । यसमा तपाईंहरू ढुक्कले अगाडि बढ्नुस् । देशका लागि योगदान गर्नुहोस् ।'

उक्त अवसरमा नाडाका अध्यक्ष करण चौधरीले यो प्रदर्शनी केवल एक प्रदर्शनी केन्द्र मात्र नभएर व्यावसायिक केन्द्र पनि भएको बताए । उनले नेपालमा बिक्री हुने गाडीमध्ये ४० प्रतिशत गाडी एक्स्पोको क्रममा बुकिङ हुने गरेको जानकारी दिए ।

चौधरीले युवा पलायन रोक्ने अठोटका साथ काम गरिएको र प्राविधिक तालिम अहिलेको आवश्यकता भएकोमा जोड दिए । उनले सरकारले विद्युतीय गाडीलाई प्रोत्साहन दिएकोमा प्रशंसा गर्दै हालको बजेट स्वागतयोग्य रहेको बताए । 'अहिले ल्याएको बजेट निकै स्वागत योग्य छ,' उनले भने, 'अहिले धेरै राम्रो भएको छ ।'

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले मोबिलिटी क्षेत्रले अर्थतन्त्रमा ठूलो योगदान दिएको बताए । उनले पछिल्लो दुई वर्षको तुलनामा गाडीको बिक्री ४० प्रतिशतले बढ्ने अनुमान गरिएको जानकारी दिए ।

निजी क्षेत्रको सुझाव अनुसार कानुन सुधार भइरहेको र त्यसको प्रभाव बजेट तथा मौद्रिक नीतिमा देखिएको उनी बताउँछन् । ढकालले लगानीका लागि अहिले उपयुक्त अवसर भएको उल्लेख गर्दै भने, 'ब्याजदर घटेको छ, कानुन अनुकुल बनेको छ ।' युरो ६ मापदण्ड लागू गर्न थप समय आवश्यक भएको उनको धारणा छ ।

यस प्रदर्शनीमा रोबोट र उड्ने ट्याक्सी जस्ता नयाँ प्रविधिहरू पहिलोपटक सार्वजनिक गरिएको छ । पहिलो दिन विशेष गरी यही ट्याक्सी हेर्नहरूको भिड रहेको थियो । त्यसका साथै नेपाली पोशाकमा सजिएको रोबर्ट पनि आकर्षणको केन्द्र बनेको थियो ।

नाडाका अनुसार प्रदर्शनीका क्रममा अटो डाइलग पनि आयोजना गरिनेछ । यस प्रदर्शनीमा १२५ वटा स्टल राखिएको छ । जसमध्ये 'दिपाल इभिटोल फ्लाइङ ट्याक्सी' र 'युनिट्री रोबोट्स' मुख्य आकर्षणका रूपमा रहेका छन् ।

आइतबारसम्म नाडा शो अवलोकन गर्नका लागि विद्यार्थीहरूका लागि १ सय ५० र अन्य सर्वसाधारणका लागि २ सय रूपैयाँ टिकट शुल्क तोकिएको छ ।

**कर्पोरेट**

### नाडा अटो शोमा बिवाइडी एट्टो–२ सार्वजनिक



**काठमाडौं (प्रस)–** नेपालमा बिवाइडी अटो इन्डष्ट्रि कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंकले गौरवपूर्ण रूपमा अल–न्यु बिवाइडी एट्टो २ सार्वजनिक गरेको छ । नेपालकै सबैको पहुँचयोग्य अर्थात सबैले किन्न सक्ने कम्प्याक्ट इलेक्ट्रिक एसयूभीको रूपमा रहेको सो ईभीलाई नाडा अटो शो २०२५ मा भव्य समारोहका बीच सार्वजनिक गरिएको हो । प्रधानमन्त्री केपी शर्मा ओली, साइमेक्स इंकका अध्यक्ष अनिल श्रेष्ठ, प्रबन्ध निर्देशक यमुना श्रेष्ठ र बिवाइडी नेपालका ब्राण्ड एमबेसडर हरिबंश आचार्य तथा ब्राण्ड इन्डोर्सर अस्मी श्रेष्ठको विशेष उपस्थितिमा उक्त गाडीको सार्वजनिक गरिएको थियो ।

बिवाइडी एट्टो २ ले सहज र सबैका लागि उपयुक्त मूल्यमा उपलब्ध हुने र सडकमा एसयूभीका साथ उपस्थित हुन चाहने युवा व्यवसायी र परिवारको जीवनशैलीलाई लक्षित गरी कम्प्याक्ट डिजाइन, सहज ह्याण्डलिङ र एसयूभीको व्यवहारिकता संयोजन गरेको छ । यसमा बिवाइडीको प्रसिद्ध ब्लेड ब्याट्री, स्मार्ट इन–क्याबिन प्रविधि तथा प्रिमियम कम्फर्ट फिचर उपलब्ध छ, जसले गर्दा यो गाडीले कम्प्याक्ट एसयूभी प्याकेजमा पनि ठूलो कारको अनुभूति दिलाउँछ ।

बिवाइडी एट्टो २ हाल नेपालमा ४३ लाख ९९ हजार रूपैयाँको प्रारम्भिक मूल्यमा उपलब्ध छ, जसमा ७ किलोवाटको वाल–माउन्टेड चार्जर समेत समावेश छ ।

### इन्भेस्टमेण्ट मेगा बैंकबाट ६.२९ प्रतिशतमा गाडी कर्जा

**काठमाडौं (प्रस)–** नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लिमिटेडले ग्राहकवर्गहरूका लागि विशेष सुविधासहितको गाडी कर्जा योजना सार्वजनिक गरेको छ । यस योजना अन्तर्गत ग्राहकवर्गहरूले आकर्षक ब्याजदरमा सजिलैसँग गाडी खरिद गर्न सक्नुहुनेछ । हालको लागि गाडी कर्जाको ब्याजदर केवल ६.२९ प्रतिशत (२०८२ भाद्र महिनाको आधारदर ५.७९ प्रतिशत मा ०.५ प्रतिशत थप गरि हुन आउने ६.२९ प्रतिशत) कायम गरिएको छ ।




आगामी दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै ल्याइएको यस योजनाले चाडपर्वको उत्सवमा नयाँ गाडीको सपना पुरा गर्न चाहने ग्राहकवर्गहरूलाई थप सहजता हुने बैंकले अपेक्षा गरेको छ । सिमित समयका लागि मात्र लागू रहने यस विशेष सुविधा नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लिमिटेडका देशभरका शाखाहरूबाट लिन सकिनेछ । बैंकले हाल २७५ शाखा, ६५ एक्सटेन्सन काउन्टर, २६४ एटीएम एवं ६० शाखारहित बैंकिङ मार्फत अत्याधुनिक बैंकिङ सेवा प्रदान गरिरहेको छ ।

### कजरिया रमेश टाइल्सको 'ब्राण्ड एम्बेसडर' बनिन् डिभ्या




**काठमाडौं (प्रस)–** नेपालको प्रिमियम टाइल्स उत्पादक काजरिया रमेश टाइल्स लिमिटेडले शुक्रबार काठमाडौंमा आयोजित वार्षिक कार्यक्रम 'आर्क एन्ड औरा'को अवसरमा उदाउँदी नेपाली अभिनेत्री दिव्या रायमाझीलाई आफ्नो नयाँ ब्राण्ड एम्बेसडरको रूपमा नियुक्त गरिएको घोषणा गरेको छ । कजरिया रमेश टाइल्स लि.का निर्देशक संजय अग्रवालले कम्पनीका बोर्ड मेम्बर, उद्योगकर्मी साझेदारहरू र सम्मानित ग्राहकहरूको उपस्थितिमा यो घोषणा गरे ।

कार्यक्रममा उनले रायमाझी नै किन उपयुक्त छिन् भन्ने स्पष्ट पार्दै भने, 'दिव्याले हाम्रो ब्राण्डका मूल मूल्यहरू, युवा ऊर्जा, जीवन्त व्यक्तित्व र प्रेरणादायी उपस्थितिलाई प्रतिनिधित्व गर्छिन् । उनको जोसिलो र आकर्षक व्यक्तित्व हाम्रो नयाँ सोच, शैली र गुणस्तरसँग मेल खान्छ। उनी मनोरञ्जन क्षेत्रमा अघि बढ्दैछिन्, र उनको यात्राले हाम्रो उत्कृष्टता र नेतृत्वको प्रतिबद्धता झल्काउँछ ।'

कार्यक्रममा कम्पनीका नयाँ टाइल संग्रहहरू, नवीन डिजाइनहरू प्रदर्शन गरियो र आधुनिक उत्पादन प्रविधि र प्रिमियम सामग्रीमार्फत नेपालको टाइल उद्योगलाई अघि बढाउने प्रतिबद्धता पनि पुनः पुष्टि गरिएको थियो ।

हार्दिक बधाई

तथा

शुभकामना



ओखलढुङ्गा जिल्ला खिजीदेम्वा गाउँपालिका वडा नं.३ निवासी ओमबहादुर सुनुवार र मेनुका रापच सुनुवारकी आयुष्मती सुपुत्री तथा प्रभाव अनलाइन डटकम (prabhabonline.com) की सम्पादक **श्री दिपा सुनुवार** तथा पाँचथर जिल्ला तुम्वेवा गाउँपालिका वडा नं. ३ निवासी हरिबहादुर मगर र गौरीमाया मगरका आयुष्मान सुपुत्र **श्री मदन मगर**सँग वि.सं.२०८२ साल भदौ २ गते, सोमबारका दिन **शुभ-विवाह** सुसम्पन्न भएको हुँदा सु–स्वस्थ्य, सुख, समृद्धि, दीर्घायु, उत्तरोउत्तर प्रगति, अटल सौभाग्य, उज्वल भविष्य एवम् सुखदमय दाम्पत्य जीवनको कामना गर्दै **हार्दिक बधाई** तथा **शुभकामना** दिन चाहन्छौं । यहाँहरुको जीवन सुखमय बितोस् ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
तथा
**प्रभाव दैनिक परिवार**
सिफल, काठमाडौं, सम्पर्क नं.०१-४३७३५७७

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ